# नेपाल व्यापार सर्वेक्षण, २०७८

## Nepal Distributive Trade Survey, 2022

# निर्देशिका

नेपाल सरकार
राष्ट्रिय योजना आयोग

**केन्द्रीय तथ्याङ्क विभाग**

रामशाहपथ, थापाथली, काठमाण्डौ
फोन नं. ४२४५८४८, ४२४५९४६, ४२४५९४७, ४२४५९४८
इमेल: **trade@cbs.gov.np**, वेबसाइट : **www.cbs.gov.np**

# व्यापार सर्वेक्षण, २०७८

## परिचयः

अर्थतन्त्रका प्रमुख क्रियाकलापहरु मध्ये व्यापार (Trade) क्षेत्र पनि एक प्रमुख क्षेत्र हो । यस क्षेत्रलाई आन्तरिक ब्यापार र वैदेशिक ब्यापार गरि दुई भागमा विभाजन गरी अध्ययन गर्ने गरेको पाईन्छ। आन्तरिक ब्यापार अन्तरगत मुलुक भित्र हुने विभिन्न प्रकारका ब्यापारीक कृयाकलापहरु मध्ये वस्तुहरुको थोक तथा खुद्रा व्यापार र मोटरगाडी तथा मोटरसाइकल मर्मत सम्बन्धी आर्थिक क्रियाकलापहरु पर्दछन् ।

योगदानको हिसावले थोक तथा खुद्रा व्यापार क्षेत्र नेपालको कुल गार्हस्थ उत्पादनको दोश्रो प्रमुख क्षेत्र हो । आ.व. २०७७/७८ मा यस क्षेत्रको कुल गार्हस्थ उत्पादनमा १५.६७ प्रतिशत योगदान रहेको छ । गरिवी निवारणमा प्रत्यक्ष योगदान पु-याउन सक्ने यस क्षेत्रको विस्तृत विवरण व्यापार सर्वेक्षणको माध्यमवाट संकलन गरिन्छ। नेपालमा वि.सं. २०६५ सालमा पहिलो पटक व्यापार सर्वेक्षण सम्पन्न गरिएको थियो । हाल दोस्रो पटक संचालन गर्न लागिएको यस सर्वेक्षणले व्यापार क्षेत्रमा भईरहेको परिवर्तन र विद्यमान अवस्थाको बारेमा यथार्थपरक जानकारी उपलव्ध गराउने अपेक्षा राखिएको छ ।

ब्यापार सर्वेक्षणबाट प्राप्त हुने तथ्याङ्क तथा सूचकहरुले सरकारलाई बाणिज्य नीतिमा सामयिक सुधार र परिमार्जन गर्न बस्तुनिष्ठ आधार प्रदान गर्दछ। यस सर्वेक्षणबाट प्राप्त नतिजाको विश्लेषण गरी ब्यापार क्षेत्रमा विद्यमान अवस्थाको साथै समस्या, चुनौती, संभावना र अवसर समेतको जानकारी हुने भएकोले यो सर्वेक्षण ब्यापार क्षेत्रमा प्रत्यक्ष सरोकार राख्ने उद्योगपति, ब्यापारी, अनुसन्धानकर्ता, योजनाविद् तथा नीति निर्माता समेतको लागि उपयोगी हुने अपेक्षा गरिएको छ ।

## उद्देश्य :

व्यापार सर्वेक्षण, २०७८ का उद्देश्यहरु निम्नलिखित रहेका छन् ।

१. मुलुक भित्र थोक तथा खुद्रा व्यापार र मोटरगाडी तथा मोटरसाइकल मर्मत गर्ने व्यापारिक प्रतिष्ठानहरुको आर्थिक तथा वित्तीय विवरणहरु संकलन गरि यस क्षेत्रको राष्ट्रिय अर्थतन्त्र तथा रोजगारीमा योगदान एकिन गर्न आवश्यक पर्ने तथ्याङ्क उत्पादन गर्ने ।

२. प्रमूख वस्तुहरु तथा व्यापारको किसिम (थोक तथा खुद्रा व्यापार) अनुसार Trade Margin अनुमानको लागि तथ्याङ्क संकलन गर्ने ।

३. राष्ट्रिय लेखा प्रयोजनको लागि यस क्षेत्रको विद्यमान आम्दानी तथा खर्च, मुल्य अभिवृद्धि, लगानी, रोजगारी, तलव तथा ज्याला, मौज्दात र अन्य आर्थिक विवरणहरु संकलन गर्ने ।

४. योजनाविद् एवं नीति निर्माणकर्ताहरु, उद्योगपति, व्यापारी, अनुसन्धानकर्ता तथा यस क्षेत्रमा सरोकार राख्ने व्यक्तिहरुको लागि आवश्यक पर्ने व्यापार तथ्यांकको आवश्यकता पूर्ति गर्ने ।

## सर्वेक्षणको क्षेत्र तथा दायरा (Scope and Coverage of the Survey)

कुनै पनि मुलुकको अर्थतन्त्रको स्तरीय तथा तुलनात्मक अध्ययनका लागि तयार भएका विभिन्न वर्गिकरणहरु मध्ये अन्तराष्ट्रिय स्तरिय औद्यौगिक वर्गिकरण (International Standard Industrial Classification ISIC) पनि एक हो । यसले सम्पूर्ण अर्थतन्त्रलाई विभिन्न खण्ड तथा वर्गहरुमा विभाजन गरि आर्थिक गतिविधिहरुको व्याख्या समेत गरेको छ । ISIC Revision 4 अनुसार राष्ट्रिय अर्थतन्त्रलाई २१ वटा मुख्य खण्डहरुमा विभाजन गरिएको छ । यी २१ वटा खण्डहरु मध्ये खण्ड G “अन्तरगत वस्तुहरुको थोक तथा खुद्रा ब्यापार र मोटरगाडी तथा मोटरसाइकल मर्मत कार्य” (Wholesale and retail trade; repair of motor vehicles and motorcycles) पर्दछ । तसर्थ यस सर्वेक्षणको वस्तुहरुको थोक तथा खुद्रा ब्यापार र मोटरगाडी तथा मोटरसाइकल मर्मत कार्य अन्तर्गत पर्ने व्यापारिक प्रतिष्ठानहरुको मात्र अध्ययन गर्ने लक्ष्य रहेको छ । सर्वेक्षणको दायरामा पर्ने ब्यापारिक क्रियाकलापहरुको विस्तृत विवरणहरु अनुसूची १ मा उल्लेख गरिएको छ ।

यो सर्वेक्षण नमूना सर्वेक्षणमा आधारित छ। वि.सं. २०७५ सालमा सम्पन्न भएको राष्ट्रिय आर्थिक गणनावाट प्राप्त माथि उल्लेखित क्रियाकलापहरु गर्ने प्रतिष्ठानहरु नमूना छनौट विधिद्धारा छानी ति प्रतिष्ठानहरुवाट तोकिएको विवरण संकलन गर्ने योजना रहेको छ । तर सडक पेटी छेउका पसल तथा नाङ्लो पसल जस्ता एकै स्थानमा नरही चलायमान रहने प्रकृतिका प्रतिष्ठानहरुलाई यस सर्वेक्षणको दायरामा समावेस गरिएको छैन ।

**संकलन गरिने विवरणहरु :**

| | |
|---|---|
| खण्ड १ | ब्यापारिक प्रतिष्ठानको परिचयात्मक विवरण |
| खण्ड २ | व्यापारिक प्रतिष्ठानको वैधानिक स्थिति |
| खण्ड ३ | व्यापारिक प्रतिष्ठानको प्रकार |
| खण्ड ४ | व्यापारको किसिम |
| खण्ड ५ | मुख्य व्यापारिक क्रियाकलापहरु |
| खण्ड ६ | रोजगारी, तलव तथा ज्याला र अन्य सुविधा सम्बन्धी विवरण |
| खण्ड ७ | व्यापारिक प्रतिष्ठान संचालन खर्च सम्बन्धी विवरण |
| खण्ड ८ | वस्तुहरुको खरिद तथा विक्री सम्बन्धी विवरण |
| खण्ड ९ | प्रतिष्ठानले गरेको अन्य आम्दानी सम्बन्धी विवरण |
| खण्ड १० | व्यापारिक प्रतिष्ठानको स्थायी सम्पत्ति सम्वन्धी विवरण |
| खण्ड ११ | व्यापारिक प्रतिष्ठानको मौज्दात सम्बन्धी विवरण |
| खण्ड १२ | कर तथा शुल्क सम्बन्धी विवरण |
| खण्ड १३ | प्रतिष्ठानको वित्तीय कारोवार सम्बन्धी विवरण |
| खण्ड १४ | व्यापारिक प्रतिष्ठानका मुख्य मुख्य समस्याहरु सम्वन्धी विवरण |
| खण्ड १५ | कोभिड १९ प्रभावसम्बन्धी विवरण |
| खण्ड १६ | व्यवसायिक सामाजिक उत्तरदायित्वसम्बन्धी विवरण |
| खण्ड १७ | उत्तरदाताको राय सुझाव |

**ब्यापारिक प्रतिष्ठान (Trade Establishment) को परिभाषा :**

यस सर्वेक्षणमा गणनाको एकाई ब्यापारिक प्रतिष्ठान (Trade Establishment) हो । यस सर्वेक्षणको प्रयोजनका लागि ब्यापारिक प्रतिष्ठान भन्नाले कुनै सरकारी निकायमा दर्ता भई वा नभई (registered or unregistered) निश्चित स्थान (Fixed Location) मा रहेर मुलुक भित्रै वस्तुहरुको थोक तथा खुद्रा ब्यापार गर्ने (Wholesale or retail trade of

goods) तथा मोटरगाडी तथा मोटरसाइकल मर्मत कार्य (repair of motor vehicles and motorcycles गर्ने आर्थिक इकाईलाई वुझिन्छ ।

## सन्दर्भ अवधि (Reference Period) :

व्यापार सर्वेक्षण २०७८ को लागि सन्दर्भ अवधि २०७७ श्रावण १ गते देखि २०७८ आषाढ मसान्तसम्मको अवधि अर्थात् आ.व. २०७७/७८ लाई तोकिएको छ। तसर्थ प्रश्नावली भर्दा त्यसै अवधिको विवरण भर्नुपर्दछ। तर रोजगारसम्बन्धी विवरणमा कर्मचारीको संख्या लेख्दा प्रश्नावली फाराम भर्दाको दिन प्रतिष्ठानमा कार्यरत कर्मचारीको संख्या लेख्नुपर्दछ । कुनै कर्मचारी विदामा बसेको पाइएमा निज प्रतिष्ठानमा कार्यरत भएको मानी कर्मचारीको संख्या लेख्नुपर्दछ ।

## गोपनीयता

सङ्कलित तथ्याङ्क गोप्य राखिने कुरामा उत्तरदातालाई विश्वस्त तुल्याउन सके मात्र सही तथ्याङ्क सङ्कलन गर्न सकिन्छ । केहि व्यवसायीहरुले आफ्नो विवरणको आधारमा कर लाग्ने आशङ्काले पनि सही तथ्याङ्क दिन हिच्किचाउने गरेको पाईन्छ । यसकारण, कुनै पनि ब्यापारिक प्रतिष्ठानको विवरण व्यक्तिगत रुपमा देखिने गरी प्रकाशनमा ल्याइने छैन र केवल सामूहिक रुपमा तथ्याङ्कीय प्रयोजनको लागि मात्र प्रयोग गरिने कुरामा उत्तरदातालाई विश्वास दिलाउनु पर्दछ ।

**व्यापार सर्वेक्षण, २०७८ को प्रश्नावली**

## बाहिरी पाना (Cover Page)

प्रश्नावलीको बाहिरी पानामा उल्लेख भएको प्रदेश, जिल्ला, न.पा./गा.पा. कोड र प्रतिष्ठान क्र.सं.उल्लेख गर्नुपर्दछ । ति सबै विवरण विभागबाट उपलब्ध गराईएको छानिएका प्रतिष्ठानहरुको सूचीमा उपलव्ध गराईएको हुन्छ। छानिएको कुनै प्रतिष्ठान नभेटिएको कारण वा अन्य कुनै कारणले विवरण उपलव्ध गराउन नसक्ने भएमा अर्को प्रतिष्ठानवाट विवरण संकलन गर्नुपर्ने हुन्छ। सो अवस्थामा माथि उल्लेखित विवरण भर्दा नयाँ प्रतिष्ठानको विवरण भर्नुपर्दछ ।

# खण्ड १. परिचयात्मक विवरण

## AI1 प्रतिष्ठानको नाम :

प्रतिष्ठानको नाम लेख्दा उक्त प्रतिष्ठान दर्ता गर्दा वा साईनबोर्डमा लेखिएको नाम नेपाली र अंग्रेजी दुबैमा लेख्नुपर्दछ । यदि दर्ता वा साईनबोर्ड नभएको अवस्थामा प्रतिष्ठानले प्रयोग गर्ने रसिद, छाप, लेटर प्याडमा उल्लेखित नाम लेख्नुपर्दछ । अन्यथा हाललाई त्यो प्रतिष्ठानलाई जुन नामले चिनिन्छ सोही नाम उल्लेख गर्नुपर्दछ ।

यस सर्वेक्षणमा गणक कर्मचारीलाई गणना गर्नु अगाडी नै गणना गर्नुपर्ने प्रतिष्ठानको सूची उपलब्ध गराइने हुँदा सोही बमोजिम प्रतिष्ठानको नाम यकिन गरी यहाँ लेख्नुपर्दछ । यदि गणकसँग भएको सूची भन्दा वास्तविक नाममा त्रुटि भए सोसमेत सच्याई लेख्नुपर्दछ । प्रतिष्ठानको नाम छोटकरीमा नलेखि पुरा नाम लेख्नुपर्दछ ।

## AI2 प्रतिष्ठान सञ्चालन वर्ष :

व्यापारिक प्रतिष्ठानको दर्ता मिति र सञ्चालन मिति फरक हुनसक्छ । केहि प्रतिष्ठानहरु दर्ता गरेको धेरै समय पछि मात्र सञ्चालन भएको पनि हुन सक्छ । तर यस प्रश्नले प्रतिष्ठान सञ्चालन भएको वर्ष मात्र सोधेको हुनाले प्रतिष्ठानले जुन वर्ष देखि व्यवसायिक कार्य सुरु गरेको हो सोही वर्ष यसमा खुलाउनुपर्दछ । प्रतिष्ठान सञ्चालन वर्ष लेख्दा वि.सं. मा लेख्नुपर्दछ ।

## AI3 स्थायी लेखा नम्वर (PAN) :

व्यापारिक प्रतिष्ठानले स्थायी लेखा नम्वर (Permanent Account Number) लिएको भए यहाँ उल्लेख लेख्नुपर्दछ । प्रतिष्ठानले स्थायी लेखा नम्वर नलिएको अवस्थामो यहाँ केहि उल्लेख  नगरि खाली छोड्नु पर्दछ ।

## AI4 प्रतिष्ठानको सम्पर्क फोन नं. :

यस प्रश्नमा सम्बन्धित उद्योग प्रतिष्ठानले हाल प्रयोग गरिरहेको (चालू अवस्थामा रहेको) टेलिफोन (Land line) नम्बर लेख्नुपर्दछ । टेलिफोन (Land

line) नम्बर नभएमा प्रतिष्ठानको नामको वा ब्यबसाय धनी को मोवाइल नम्बर भए पनि यहाँ उल्लेख गर्नुपर्दछ ।

## AI5 प्रदेशः

सम्वन्धीत व्यापारिक प्रतिष्ठान हाल सञ्चालनमा रहेको प्रदेशको नाम र सम्बन्धित प्रदेश कोड यहाँ उल्लेख गर्नुपर्दछ। यदि कार्यालय र विक्री स्थल अलग अलग प्रदेश भएमा विक्री स्थल भएको प्रदेशको नाम र कोड उल्लेख गर्नुपर्दछ।

## AI6 जिल्ला :

यस प्रश्नमा सम्बन्धित प्रतिष्ठान हाल सञ्चालनमा रहेको जिल्लाको नाम र कोड यकिन गरी यहाँ उल्लेख गर्नुपर्दछ । यदि कुनै प्रतिष्ठान एकभन्दा बढी जिल्लामा पर्ने अवस्था रहेछ भने सो अवस्थामा सन्दर्भ अवधिमा सबैभन्दा बढी उत्पादन भएको स्थान उल्लेख गर्नुपर्दछ ।

## AI7 नगरपालिका/गाउँपालिका :

सम्बन्धित व्यापारिक प्रतिष्ठान हाल कुन गाउँपालिका, नगरपालिका, उपमहानगरपालिका वा महानगरपालिकामा सञ्चालन भइरहेको छ सो यकिन गरि उक्त नाम र कोड नम्बर यंहाँ उल्लेख गर्नुपर्दछ। एकभन्दा बढी गाउँपालिका, नगरपालिका, उपमहानगरपालिका वा महानगरपालिकामा प्रतिष्ठान सञ्चालन भएको भए सन्दर्भ अवधिमा सबैभन्दा बढी उत्पादन भएको स्थान उल्लेख गर्नुपर्दछ ।

## AI8 वडा नं. :

यस प्रश्नमा सम्बन्धित व्यापारिक प्रतिष्ठान हाल जुन वडामा सञ्चालन भैरहेको छ सोही वडाको नम्बर दिइएको कोठामा खुलाउनुपर्दछ ।

## AI9 गाउँ/टोल :

विवरण लिन लागिएको प्रतिष्ठान अवस्थित रहेको गाउँ/टोलको नाम यहाँ लेख्नुपर्दछ ।

## AI10 उत्तरदाताको नाम :

प्रतिष्ठानमा तथ्यांक संकलन गर्न जाँदा विवरण उपलब्ध गराउने आधिकारिक उत्तरदाताको नाम र थर यहाँ उल्लेख गर्नु पर्दछ ।

## AI11 उत्तरदाताको सम्पर्क नं. :

यहाँ उत्तर दिने व्यक्तिको सम्पर्क नं. (ल्याण्डलाइन वा मोवाइल) उल्लेख गर्नुपर्दछ ।

# खण्ड २. प्रतिष्ठानको वैधानिक स्थिति :

## RS यो प्रतिष्ठान कुनै सरकारी निकायमा दर्ता भएको छ ?

यस प्रश्नवाट प्रतिष्ठान कुनै सरकारी निकायमा दर्ता भएको वा नभएको बुझ्न खोजिएको हो । उक्त प्रतिष्ठान संघ, प्रदेश वा स्थानीय तह अन्तर्गतको कुनै एक सरकारी निकायमा दर्ता भै संचालनमा आएको रहेछ भने १. मा र दर्ता नभएको रहेछ भने २. मा गोलो घेरा लगाउनुपर्दछ । सरकारी वाहेक अन्य कुनै गैरसरकारी संस्था जस्तै उद्योग वाणिज्य संघमा आवद्ध भएका प्रतिष्ठानहरुलाई सरकारी निकायमा दर्ता भएको मान्नुहुदैन ।

## LS1 यो प्रतिष्ठानको वैधानिक स्थिति के हो ?

बैधानिक स्थिति भन्नाले ब्यापारिक प्रतिष्ठान स्थापना गर्दा जुन कानुनी आधारलाई टेकेर स्थापना भएको हो, सोही कानुनी आधारलाई सम्झनु पर्दछ । यहाँ व्यक्तिगत, साझेदारी, सहकारी, प्राइभेट लिमिटेड, पव्लिक लिमिटेडर र अन्य गरि ६ वटा वैधानिक स्थितीहरु उल्लेख गरिएका छन् । सम्बन्धित प्रतिष्ठानको वैधानिक स्थिती अनुसार उपयुक्त कुनै एक वैधानिक स्थितिको कोडमा गोलो घेरा लगाउनु पर्दछ ।

### (१) व्यक्तिगत :

कुनै एक व्यक्तिले एकलौटीरूपमा आफ्नो पूँजी लगानी गरी नाफा नोक्सानी आफैले व्यहोर्ने गरी सञ्चालन गरिएका ब्यापारिक प्रतिष्ठानको वैधानिक स्थिती व्यक्तिगत मानिन्छ ।

## (२) साझेदारी :

दुई वा दुईभन्दा बढी व्यक्तिहरूले संयुक्त रूपमा कम, बढी वा समान पूँजी लगानी गरी नाफा नोक्सानी सोही अनुपातमा व्यहोर्ने गरी संचालन गरिएको ब्यापारिक प्रतिष्ठानको वैधानिक स्थिती साझेदारी मानिन्छ ।

## (३) सहकारी :

सहकारीतामा आधारित रहेर सामुहिक रुपमा संचालित सुपथ मूल्यमा वस्तु तथा सेवा प्रदान गर्ने उद्देश्यले स्थापित प्रतिष्ठानहरुको वैधानिक स्थिती सहकारी मानिन्छ ।

## (४) प्राइभेट लिमिटेड :

"प्राइभेट लिमिटेड" भन्नाले व्यापारिक प्रतिष्ठानको शेयर र डिबेन्चर शेयरवाला बाहेक अन्यले खरिद बिक्री गर्न नपाउने गरी बढीमा ५० जनासम्म मिलेर कम्पनी ऐन, २०६३ अनुसार स्थापित भएको व्यापारिक प्रतिष्ठानलाई सम्झनुपर्दछ । यस्ता प्रतिष्ठानहरूको नामको पछाडी "प्राइभेट लिमिटेड" वा "प्रा.लि." भन्ने शव्द जोडिएको हुन्छ । जस्तैः सिप्रदी ट्रेडिङ्ग प्रा.लि. आदि ।

## (५) सरकारी/पव्लिक लिमिटेड :

सरकारी भन्नाले संघ, प्रदेश वा स्थानीय तहको पूर्ण वा आशिंक लगानीमा संचालित वा विदेशी संस्थाद्धारा स्थापना भई सरकारको पूर्ण स्वामित्व हुने गरी हस्तान्तरण गरिएका व्यापारिक प्रतिष्ठानहरुलाई बुझ्नुपर्दछ। यस्ता प्रतिष्ठानहरूको नामको पछाडी "लिमिटेड" वा "लि." भन्ने शव्द जोडिएको हुन्छ । जस्तैः खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड, साल्ट ट्रेडिङ कम्पनी लिमिटेड, नेपाल आयल निगम लिमिटेड आदि ।

## (६) अन्य (खुलाउने ........) :

माथि उल्लिखित वैधानिक स्थिति वा कानूनी आधारहरूबाहेक अरु कुनै प्रकारले संगठित भएको प्रतिष्ठान वा दर्ता नभई सञ्चालन भएका उद्योग प्रतिष्ठानलाई पनि यस अन्तर्गत खुलाउनुपर्दछ ।

**LS2 व्यक्तिगत वैधानिक स्थिति रहेको प्रतिष्ठान हाल पुरुष वा महिला कसको नाममा रहेको छ ?**

प्रश्न LS1 को वर्गीकरणमा व्यक्तिगत अर्थात कोड १ आएमा त्यस्ता प्रतिष्ठानहरू सन्दर्भ अवधिमा पुरुष वा महिला कसको नाममा संचालित (दर्ता) भएको हो सोधी पुरुषको नाममा भए कोड १ मा र महिलाको नाममा भए कोड २ मा गोलो घेरा लगाउनुपर्दछ।

## खण्ड ३. प्रतिष्ठानको प्रकार

प्रश्न ET मा यहाँ ब्यापारिक प्रतिष्ठानलाई एकल प्रतिष्ठान र वहु प्रतिष्ठान गरि दुई प्रकारमा विभाजन गरिएको छ। प्रतिष्ठानको प्रकृति हेरि एकल प्रतिष्ठान भए कोड १ र वहु प्रतिष्ठान भए कोड २ मा गोलो घेरा लगाउनु पर्दछ। शाखा, उपशाखा वा मुख्य कार्यालय नभएको प्रतिष्ठान एकल प्रतिष्ठान हो भने जुन प्रतिष्ठानको शाखा, उपशाखा वा मुख्य कार्यालय सोही ठाउँमा वा अन्यत्र कतै रहेको छ भने त्यस्तो प्रतिष्ठान वहु प्रतिष्ठान अन्तर्गत पर्दछ। कुनै प्रतिष्ठानको शाखा कार्यालयहरुको ब्यापारिक क्रियाकलापको हिसाब किताब अलग अलग राख्ने गरेको भए त्यस्तो प्रतिष्ठानलाई एकल प्रतिष्ठान मानी प्रश्नावली भर्नु पर्दछ।

## खण्ड ४. ब्यापारको किसिम

**OW4 यस प्रतिष्ठानको मुख्य व्यापारिक क्रियाकलाप के हो ?**

यहाँ सम्वन्धित प्रतिष्ठानले गर्ने ब्यापारको क्रियाकलाप मोटरगाडी तथा मोटरसाइकल  खरिद विक्री तथा मर्मत सेवा, थोक व्यापार र खुद्रा व्यापार के हो उत्तरदातालाई सोधी मोटरगाडी तथा मोटरसाइकल खरिद विक्री तथा मर्मत सेवा भए कोड १, वस्तुको थोक व्यापार भए कोड २ र खुद्रा व्यापार भए कोड ३ मा गोलो घेरा लगाउनु पर्दछ। मोटरगाडी तथा मोटरसाइकल खरिद विक्री गर्ने प्रतिष्ठानहरुको व्यापारको किसिम थोक तथा खुद्रा जुनसुकै भए पनि कोड १ अन्तर्गत नै वर्गीकरण गर्नुपर्दछ , कोड २ वा कोड ३ मा गर्नुहुदैन।

यदी कुनै प्रतिष्ठानले थोक र खुद्रा दुवै प्रकारको व्यापार गर्ने भए सन्दर्भ अवधिमा जुन कारोबारको रकममा वढी छ सोहि क्रियाकलापलाई मुख्य मान्नुपर्दछ । कुनै प्रतिष्ठानले प्रमुखरुपमा डिलर वा कमिसन एजेन्ट भई व्यापार गर्ने भए त्यसलाई थोक व्यापार सम्झी सोहि अनुसार कोड २ मा गोलो घेरा लगाउनु पर्दछ ।

## १. मोटरगाडी र मोटरसाइकल खरिद विक्री तथा मर्मतसम्भार सेवा

यस अन्तर्गत मोटरगाडी र मोटरसाइकलको खरिद विक्री (थोक र खुद्रा दुवै) तथा तिनको मर्मतसम्भार सेवा पर्दछ । मर्मतसम्भार भन्नाले मोटरगाडी र मोटरसाइकलको नियमित सर्भिसिङ, साधारण मर्मत, यान्त्रिक मर्मत, टायर र ट्युव मर्मत लगायतका सम्पूर्ण मर्मत कार्यहरु पर्दछन् । मोटरगाडी र मोटरसाइकलसंग सम्वन्धित मर्मत बाहेक अन्य मर्मत कार्यहरु यस अन्तरगत समावेश गर्नुहुँदैन ।

## २. थोक ब्यापार (मोटरगाडी र मोटरसाइकल वाहेक)

खुद्रा व्यापारी, औद्योगिक व्यवसायी, संस्थागत तथा व्यवसायिक प्रयोगकर्ताहरु तथा थोक व्यापारीहरु समेतलाई खरिद गरिएकै हालतमा ठूलो परिमाणमा बस्तुहरुको विक्री गरिने कार्यनै थोक व्यापार हो । यसका अतिरिक्त औपचारिकरुपले डिलर र कमिसन एजेन्टवाट हुने व्यापार समेत थोक ब्यापार अन्तरगत पर्दछ । यस्ता प्रकृतिका कारोवार गर्ने प्रतिष्ठानलाई थोक व्यापार प्रतिष्ठान भनिन्छ ।

## ३. खुद्रा ब्यापार (मोटरगाडी र मोटरसाइकल वाहेक)

थोक व्यापारिक प्रतिष्ठान वाट खरिद गरिएकै हालतमा वस्तुलाई स-साना पोका वा इकाईमा छुट्याई उपभोक्ताहरुलाई व्यक्तिगत वा घरायसी उपभोगको निमित्त सानो परिमाणमा विभिन्न प्रकारका पसलहरु मार्फत बस्तुहरुको विक्रि गरिने कार्य नै खुद्रा व्यापार हो । यस्ता प्रकृतिका कारोवार गर्ने प्रतिष्ठानलाई खुद्रा व्यापार प्रतिष्ठान भनिन्छ । किराना पसल, डिपार्टमेण्टल स्टोर, पेट्रोल पम्प, स्टोर, स्टल जस्ता पसलहरु खुद्रा व्यापारिक प्रतिष्ठान अन्तरगत पर्दछन् ।

## खण्ड ५. यस प्रतिष्ठानको मुख्य ब्यापारिक क्रियाकलापहरू कुन कुन हुन् ?

व्यापारिक प्रतिष्ठानहरुले गर्ने थोक तथा खुद्रा विक्री, मोटरगाडी र मोटरसाइकलहरुको मर्मत सम्भार गर्ने जस्ता आर्थिक गतिविधिहरुलाई अन्तराष्ट्रिय औद्योगिक वर्गीकरण अनुसार व्यापारिक क्रियाकलाप मानिएको छ। अन्तराष्ट्रिय औद्योगिक वर्गीकरणको आधारमा तयार गरिएको नेपाल स्तरिय औद्योगिक वर्गीकरण (NSIC) अन्तरगत खण्ड G मा पर्ने ४ अङ्क (Digit) समूहका आर्थिक गतिविधिहरु नै ब्यापारिक क्रियाकलाप हुन् । कुनै ब्यापारिक प्रतिष्ठानले एक भन्दा बढि आर्थिक ब्यापारिक क्रियाकलापहरु गरेका रहेछन् भने त्यस्तो अवस्थामा मौद्रिक मुल्यमा बढी आर्थिक कारोवार हुने बढिमा पाँच वटा फरक फरक प्रमुख ब्यापारिक क्रियाकलापहरु क्रमशः १, २, ३...... गर्दै सम्बन्धित स्थानमा उल्लेख गर्नुपर्दछ।।

उदाहरणको लागि शिव ट्रेडर्स विराटनगर, मोरङले खाद्य पदार्थको थोक विक्री कार्यको अलावा ती खाद्य पदार्थको खुद्रा विक्री र खाना पकाउने ग्याँसको खुद्रा विक्री कार्य समेत गर्दछ। यदि शिव ट्रेडर्सको कारोवारमा खाद्य पदार्थको थोक विक्री कार्य मौद्रिक मुल्यमा सबैभन्दा बढी त्यसपछि क्रमशः ग्याँसको खुद्रा विक्री कार्य र खाद्य पदार्थको खुद्रा विक्री कार्य हुने रहेछ भने यहाँ उक्त प्रतिष्ठानको प्रमुख ब्यापारिक क्रियाकलापको रुपमा क्रम संख्या १ मा खाद्य पदार्थको थोक विक्री कार्य, क्रम संख्या २ मा खाना पकाउने ग्याँसको खुद्रा विक्री कार्य र क्रम संख्या ३ मा खाद्य पदार्थको खुद्रा विक्री कार्य उल्लेख गर्नु पर्दछ। उल्लिखित प्रत्येक ब्यापारिक क्रियाकलापहरुको NSIC Code लेख्ने स्थानमा गणकले केहि उल्लेख गर्नुपर्दैन।

## खण्ड ६. रोजगारी, तलव तथा ज्याला र अन्य सुविधा सम्बन्धी विवरण :

यस शिर्षकअर्न्तगत सञ्चालक तथा सक्रिय साझेदार, परिवारका सदस्य वा अन्य व्यक्ति, ब्यवस्थापक, प्रशासकीय कर्मचारी, प्राविधिक कर्मचारी, विक्रेताहरू (Sales Persons) र अन्य कामदार पुरा समय काम गर्ने र आंसिक समय काम

गर्ने तलबी वा वेतलवी जुनसुकै किसिमले काम गरेको भए तापनि तिनीहरूको संख्या लिङ्गअनुसार छुट्याई सम्वन्धित महलमा लेख्नु पर्दछ । कर्मचारीको संख्या उल्लेख गर्दा प्रश्नावली भर्दाको दिन प्रतिष्ठानमा संलग्न व्यक्तिहरूको संख्या उल्लेख गर्नुपर्दछ । छोटो अवधिको बिदा, बिरामी बिदा, घर बिदा, सुत्केरी बिदा आदि लिई वसेको व्यक्तिलाई पनि कर्मचारीको संख्यामा राख्नुपर्छ । घरायसी कामदारहरू र कमिशन मात्र प्राप्त गर्ने ब्यक्तिहरूलाई भने यहाँ समावेश गर्नु हुदैंन । यसको अतिरिक्त भैपरि आउने कामका लागि दैनिक ज्यालामा लगाइएका कामदार पनि यहाँ उल्लेख गर्नुहुँदैन ।

## संलग्न व्यक्तिको प्रकार (महल २) :

### (PE1.1) सञ्चालक तथा सक्रिय साझेदार :

"सञ्चालक तथा सक्रिय साझेदार" भन्नाले पारिश्रमिक नलिईकन व्यापारिक प्रतिष्ठानको कार्यमा सक्रियरूपले संलग्न रहने सञ्चालक तथा साझेदारहरूलाई सम्झनुपर्दछ । प्रतिष्ठानमा कार्यरत "सञ्चालक तथा सक्रिय साझेदार" हरूको संख्या लिङ्गअनुसार महल नं. ३ र ४ मा उल्लेख गर्नुपर्दछ । सञ्चालक तथा सक्रिय साझेदारले पारिश्रमिक लिएर प्रतिष्ठानको कुनै कार्य गरेको पाइएमा तिनीहरूको कामको प्रकृति हेरी संख्या ३, ४, ५ वा ६ मध्ये जुन उपयुक्त हो सोहीअन्तर्गत उल्लेख गर्नुपर्दछ ।

### (PE1.2) परिवारका सदस्य वा अन्य व्यक्ति :

कुनै पनि प्रकारको पारिश्रमिक नलिई काम गर्ने परिवारका सदस्य वा अन्य व्यक्तिहरूको संख्यालाई यस महल अर्न्तगत लिङ्गअनुसार पुरूष भएमा महल नं. ३ मा र महिला भएमा महल नं. ४ मा उल्लेख गर्नुपर्दछ। यहाँ परिवारका सदस्य वा अन्य ब्यक्ति प्रतिष्ठानको काममा नियमित रुपमा (कम्तीमा एक तिहाइ समय काम गर्ने) संलग्न भएमा मात्र तिनीहरूको संख्या उल्लेख गर्नुपर्दछ। कहिलेकाँही मात्र पालो दिने प्रयोजनको लागि प्रतिष्ठानमा संलग्न हुने ब्यक्तिहरू यहाँ उल्लेख गर्नु पर्दैन । परिवारका सदस्य वा अन्य ब्यक्तिले पारिश्रमिक लिएर प्रतिष्ठानको कुनै कार्य गरेको पाइएमा तिनीहरूको कामको प्रकृति हेरी क्रम संख्या ३, ४, ५ वा ६ मध्ये जुन उपयुक्त हो सोहीअन्तर्गत उल्लेख गर्नुपर्दछ ।

## (PE1.3) व्यवस्थापक :

"व्यवस्थापक" भन्नाले ब्यापारिक प्रतिष्ठानको मुख्य जिम्मेवारी वा अधिकार प्रयोग गर्ने पदमा रहेको व्यक्तिलाई सम्झनुपर्दछ। यस्तो व्यक्ति प्रतिष्ठानमा तलबी कर्मचारीको रूपमा कार्यरत रहेका रहेछन् भने तिनीहरूको संख्या लिङ्गअनुसार सम्बन्धित महलहरूमा उल्लेख गर्नुपर्दछ ।

## (PE1.4) प्रशासकीय कर्मचारी :

ब्यापारिक प्रतिष्ठानको प्रशासनसम्बन्धी लेखापढी गर्ने, बही खाता राख्ने तथा व्यवस्थापनसँग संलग्न रहेका कर्मचारीहरू, ब्यापारिक प्रतिष्ठानको सुरक्षाका लागि राखिएका सुरक्षा गार्ड आदि प्रशासकीय कर्मचारी अन्तर्गत पर्दछन् । प्रशासकीय कर्मचारीको संख्या उल्लेख गर्दा तलबी कामदारअन्तर्गत लिङ्गअनुसार सम्बन्धित महलमा भर्नुपर्दछ ।

### (५) प्राविधिक कर्मचारी :

कुनै औपचारिक/अनौपचारिक तालिम वा विशेष दक्षता प्राप्त गरेका कर्मचारीहरूलाई प्राविधिक कर्मचारीअन्तर्गत समावेश गर्नुपर्दछ। जस्तैः कम्प्युटर सहायक, ओभरसियर, ईलेक्ट्रिसियन आदि प्राविधिक कर्मचारीको संख्या उल्लेख गर्दा लिङ्गअनुसार तलबी कामदारअन्तर्गत सम्बन्धित महलमा भर्नुपर्दछ ।

## (६) बिक्रेता (Sales Persons):

बिक्रेता भन्नाले प्रतिष्ठानको खरिद बिक्री कार्यमा प्रत्यक्षरुपमा संलग्न हुने कर्मचारीहरू भन्ने बुझिन्छ । ब्यापारिक प्रतिष्ठानको मुख्य आर्थिक क्रियाकलाप वस्तुहरूको बेचबिखन कार्यमा ग्राहकहरूसँग परामर्शमा संलग्न हुने कर्मचारीहरू (Sales Persons) नै ब्यापारिक प्रष्ठिानका विक्रेता हुन् । विक्रेताको संख्या उल्लेख गर्दा लिङ्गअनुसार तलबी कामदारअन्तर्गत सम्बन्धित महलमा भर्नुपर्दछ।

### (७) अन्य कामदार :

माथि उल्लेखित बाहेकका तलबी कामदार कार्यरत रहे अन्य कामदारमा उल्लेख गर्नु पर्छ । लिङ्गअनुसार तलबी कामदार र अन्य विवरण सम्बन्धित महलमा भर्नुपर्दछ ।

**तलब तथा ज्याला (महल नं ५) :**

"कर्मचारीको तलब" भन्नाले व्यापारिक प्रतिष्ठानमा काम गरेबापत नियमानुसार पाउने नगद वा जिन्सी हो । कर्मचारीहरूले आफ्नो काम गरेको प्रत्येक महिना वा तोकेको अवधि बमोजिम निश्चित समयमा तलब ज्याला पाउने गर्छन् ।

तलब खुलाउँदा सापटी र सञ्चय कोष कट्टी गर्नुभन्दा अघिको ग्रेड सहितको कुल रकम उल्लेख गर्नुपर्दछ । कतिपय प्रतिष्ठानहरूले आफ्ना कर्मचारीहरूलाई सञ्चय कोष कट्टी भएको रकम बराबर थप गरी सञ्चय कोष जम्मा गर्ने गरेका हुन सक्छन् । त्यस्ता कर्मचारीहरूको सञ्चय कोषमा थप गरिएको रकमलाई तलवमा उल्लेख नगरि अलग्गै सञ्चय कोषको महल नं. ६ मा उल्लेख गर्नुपर्दछ । उदाहरणको लागि कुनै कर्मचारीको मासिक तलब ग्रेडसहित रू. २०,०००/- छ तर उसले तलब बुझ्दा रू २,५००/- सापटी लिएको रकम फिर्तास्वरूप कट्टी गर्नुका साथै १० प्रतिशत सञ्चय कोष (रु २०००) कटाएर जम्मा रू. १५,५००/- मात्र प्राप्त गर्दछ भने उसको तलब खुलाउने महलमा मासिक रू. २०,०००/- को दरले वर्षको रू.२,४०,०००/- हुन्छ । यदि कुनै कर्मचारीले तलब नगदको सट्टामा जिन्सीको रूपमा प्राप्त गर्दछ भने उक्त जिन्सीलाई नगदमा रूपान्तरण गरी लेख्नुपर्दछ ।

**सञ्चय कोष थप (महल नं ६) :**

रोजगारदाताले प्रतिष्ठानमा कार्यरत कर्मचारीलाई तलबका अतिरिक्त सञ्चयकोषबापत कर्मचारीको खातामा प्रतिष्ठानको तर्फवाट निश्चित रकम थप गरी जम्मा गरिदिन्छ भने यहाँ थप गरिएको वार्षिक रकम सञ्चय कोषको महलमा उल्लेख गर्नुपर्दछ । माथिको उदाहरणमा यदि उक्त प्रतिष्ठानले मासिक रु. ७००/- को दरले वर्षभरिको एकमुष्ठ रकम रु. ८,४००/- सम्बन्धित कर्मचारीको सञ्चय कोष खातामा जम्मा गर्ने भए उक्त रकम यस महलमा उल्लेख गर्नुपर्दछ ।

**सामाजिक सुरक्षा कोष थप (महल नं ७)**

नेपाल सरकारको नियमअनुसार सामाजिक सुरक्षा कोष अन्तर्गत तलब ज्यालाको २०% रोजगाारदाताले र ११% सम्बन्धित कर्मचारीबाट कट्टा गरि

सामाजिक सुरक्षा कोषमा जम्मा गर्ने कार्य गरेको भए २०% रोजगाारदाताले थप गरेको रकम यहाँ उल्लेख गर्नुपर्दछ । उदाहरणको लागि कुनै कर्मचारीको मासिक तलब ग्रेडसहित रू. २०,०००/- छ । प्रतिष्ठानको तर्फवाट २० प्रतिशतको दरले हुने रु. ४०००।- र सम्बन्धित कर्मचारीको तर्फबाट ११ प्रतिशतको दरले रु. २२००।- गरि जम्मा रु ६२००।- सामाजिक सुरक्षा कोषमा जम्मा गर्ने गरेको भए तापनि प्रतिष्ठानको तर्फवाट थप गरिएको रु. ४०००।- मात्र यस महलमा उल्लेख गर्नु पर्दछ ।

**कर्मचारी जीवन बीमा प्रिमियमबापत थप रकम (महल नं ८)**

रोजगारदाताले प्रतिष्ठानमा कार्यरत कर्मचारीका नाममा तलब र सञ्चयकोषका अतिरिक्त जीवन बीमा वापत बीमा कम्पनीलाई प्रिमियम रकम जम्मा गरिदिन्छ भने यहाँ जम्मा गरिएको वार्षिक प्रिमियम रकम कर्मचारी जीवन बीमाको महलमा उल्लेख गर्नुपर्दछ ।

**अन्य सुविधा रकम (महल नं ९)**

रोजगारदाताले प्रतिष्ठानमा कार्यरत कर्मचारीहरूलाई तलब ज्याला, सञ्चय कोष र कर्मचारी जीवन बीमाका अतिरिक्त अन्य सुविधाहरू पनि दिन सक्दछन् । कर्मचारीहरूलाई तलब ज्याला, सञ्चय कोष, सामाजिक सुरक्षा कोष र कर्मचारी जीवन बीमाबाहेक दिइएका अन्य सबै नगदी वा जिन्सी भुक्तानीलाई अन्य सुविधामा समावेश गर्नुपर्दछ । जस्तैः कर्मचारीलाई दिइएको आवास सुविधा, लत्ताकपडा सुविधा, जिन्सी सुविधा, उपचार सुविधा, सवारी साधन सुविधा, कर्मचारी दुर्घटना बिमा, उपदान, बच्चाहरूको लागि दिइएका शैक्षिक खर्च, दशैं खर्च, आदि सुविधाहरूलाई सम्बन्धित हरफहरूमा वार्षिक एकमुष्ट रकम उल्लेख गर्नुपर्दछ ।

## खण्ड ७. प्रतिष्ठान संचालन खर्च

यसअन्तर्गत ब्यापारिक प्रतिष्ठानले सन्दर्भ अवधिभित्र व्यवसाय सञ्चालन गर्ने सन्दर्भमा वर्षभरि गरिएका विभिन्न शीर्षक अन्तर्गतका वस्तु तथा सेवामा भएका खर्चहरू उल्लेख गर्नुपर्छ ।

**(EX1) घर तथा गोदाम भाडामा लिएवापत तिरेको रकम** : प्रतिष्ठानले कुनै व्यक्ति, संस्था वा प्रतिष्ठानको स्वामित्वमा रहेको घर, गोदाम भाडामा लिई प्रयोग गरेको रहेछ भने सोबापत सन्दर्भ अवधिमा भुक्तानी गरेको रकम यसअन्तर्गत उल्लेख गर्नुपर्दछ ।

**(EX2) उपकरण भाडामा लिएवापत तिरेको रकम** : प्रतिष्ठानले कुनै व्यक्ति, संस्था वा प्रतिष्ठानको स्वामित्वमा रहेको उपकरणहरू भाडामा लिई प्रयोग गरेको रहेछ भने सोबापत सन्दर्भ अवधिमा खर्च गरेको रकम यसअन्तर्गत उल्लेख गर्नुपर्दछ ।

**(EX3) जमिन भाडामा लिएवापत तिरेको रकम** : प्रतिष्ठानले कुनै व्यक्ति, संस्था वा प्रतिष्ठानको स्वामित्वमा रहेको जमिन भाडामा लिई चलाएको रहेछ भने सोबापत खर्च गरेको रकम यस अन्तर्गत उल्लेख गर्नुपर्दछ ।

**(EX4) यातायातको साधन भाडामा लिएवापत तिरेको रकम** : प्रतिष्ठानले कुनै व्यक्ति, संस्था वा प्रतिष्ठानको स्वामित्वमा रहेको यातायातका साधन भाडामा लिई चलाएको भएमा सोबापत तिरेको रकम यस अन्तर्गत लेख्नुपर्दछ ।

**(EX5) वस्तुहरूको ढुवानी (यातायात) खर्च** : प्रतिष्ठानले वस्तुहरू खरिद गर्दा खरिद गरिएको स्थानदेखि पसल, भण्डार वा गोदाम रहेको स्थानसम्म ल्याउँदा ढुवानीवापत लागेको रकम यसअन्तर्गत समावेश गर्नुपर्दछ । तर वस्तु ढुवानी गर्दा प्रतिष्ठानले आफ्नै यातायातका साधन प्रयोग गरेको रहेछ भने त्यस्तो खर्च यस अन्तर्गत समावेश हुँदैन । त्यस्तै, कुनै प्रतिष्ठानले सामान बिक्री गर्दा ढुवानी खर्च समेत ब्येहोर्ने गरि बिक्री गरेको रहेछ भने त्यस्तो यातायात खर्च समेत यहाँ उल्लेख गर्नुहुँदैन ।

**(EX6) भरिया खर्च (कहिलेकाही काम गर्ने अनियमित)**: प्रतिष्ठानले रकम भुक्तानी गर्ने गरि सामानहरूको लोड अनलोड गर्दा लागेको भरिया खर्च यस अन्तर्गत लेख्नुपर्दछ तर कुनै प्रतिष्ठानले सामान बिक्री गर्दा ढुवानी खर्च समेत ब्येहोर्ने गरी बिक्री गरेको रहेछ भने त्यस्तो भरिया खर्च समेत यहाँ उल्लेख गर्नुहुँदैन ।

**(EX7) विद्युत महसुल खर्च** : प्रतिष्ठान संचालन गर्नको लागि सन्दर्भ अवधिमा प्रतिष्ठानले विद्युतबापत भुक्तानी गरेको रकम यस अन्तर्गत उल्लेख गर्नुपर्दछ ।

**(EX8) पानी महसुल खर्च** : प्रतिष्ठान संचालन गर्ने क्रममा सन्दर्भ अवधिमा प्रतिष्ठानले पानीको महशुल वापत भुक्तानी गरेको रकम यस अन्तर्गत उल्लेख गर्नुपर्दछ ।

**(EX9) इन्धन खर्च** : प्रतिष्ठानले ब्यापारिक प्रयोजनको लागि नभई प्रतिष्ठान संचालनको लागि खरिद गरिएको इन्धन जस्तै : मट्टितेल, डिजेल, पेट्रोल, ग्यास आदिको भुक्तानी रकम यस अन्तर्गत उल्लेख गर्नुपर्दछ । प्रतिष्ठानले बिक्री प्रयोजनको लागि खरिद गरिएको इन्धन वापत भुक्तानी गरेको रकम यहाँ उल्लेख गर्नुहुँदैन ।

**(EX10) फुटकर मर्मत तथा संभार खर्च** : ब्यापारिक प्रतिष्ठानले सन्दर्भवर्षभित्र सानातिना टुटफुट र मर्मतसम्भार वापत भुक्तानी गरेको रकमलाई यस अर्न्तगत लेख्नुपर्दछ तर प्रमुख मर्मतसम्भार तथा सुधार र जिर्णोद्धार गर्दा लागेको पुँजीगत मर्मतसम्भार खर्च यहाँ उल्लेख गर्नुहुँदैन ।

**(EX11) निर्जिवन विमा प्रिमियम** : यदि कुनै प्रतिष्ठानले प्रयोग गरिरहेका पुँजीगत सामान, उपकरण, यातायातका साधन वा प्रतिष्ठान स्वयमका नाममा विमा शुल्क भुक्तानी गर्ने रहेछ भने त्यसरी भुक्तानी गरेको वार्षिक प्रिमियम शुल्क वापतको रकम एकमुष्टरुपमा यस अन्तर्गत लेख्नुपर्दछ । यहाँ ध्यान दिनुपर्ने कुरा के छ भने कर्मचारीको बिमाको रकम यस अन्तर्गत उल्लेख गर्नुहुँदैन ।

**(EX12) हुलाक, टेलिफोन, ईमेल, इन्टरनेट आदि खर्च** : प्रतिष्ठानले सन्दर्भ अवधिमा ब्यापार संचालनको क्रममा खर्च गरेको संचार महसुल जस्तै : हुलाक, टेलिफोन, ईमेल, इन्टरनेट जस्ता शिर्षकमा भएको खर्च एकमुष्टरुपमा यस अन्तर्गत लेख्नुपर्दछ ।

**(EX13) छपाई खर्च** : प्रतिष्ठानले सन्दर्भ अवधिमा ब्यापार संचालनको लागि विल, भौचर, आदिको छपाईमा भएको खर्च वापतको भुक्तानी गरेको रकम यस अन्तर्गत लेख्नुपर्दछ ।

**(EX14) स्टेशनरी खर्च** : प्रतिष्ठानले सन्दर्भ अवधिमा ब्यापार संचालनको क्रममा कलम, कापी, स्टापलर आदिजस्ता मसलन्दमा भएको खर्च यस अन्तर्गत लेख्नु पर्दछ ।

**(EX15) पत्रपत्रिका खर्च** : प्रतिष्ठानले सन्दर्भ अवधिमा पत्रपत्रिका खरिदमा भुक्तानी गरेको खर्च रकम यस अन्तर्गत लेख्नुपर्दछ ।

**(EX16) तालिम, सभा, सम्मेलन खर्च** : प्रतिष्ठानले व्यवसायिक प्रवर्द्धन वा विस्तार गर्ने क्रममा कर्मचारीका लागि तालिम, सभा, सम्मेलन आदिमा खर्च गरेको भए सोबापत भएको रकम यस अन्तर्गत लेख्नुपर्दछ ।

**(EX17) सल्लाहकार, लेखापरीक्षण तथा एजेण्टलाई दिएको कमिशन वापतको खर्च** : यदि कुनै प्रतिष्ठानले आफ्नो व्यवसायसँग सम्बन्धित कुनै प्रकारको कानूनी, प्राविधिक, आदि सल्लाह लिएवापत भुक्तानी गरेको रकम र लेखापरिक्षण तथा एजेण्टलाई दिएको कमिशन वापत तिरेको रकम यस अन्तर्गत समावेश गर्नुपर्दछ ।

**(EX18) प्रचारप्रसार तथा ब्यापार प्रवर्द्धन खर्च** : प्रतिष्ठानले वस्तुहरूको बिक्री प्रवर्द्धनको लागि रेडियो, टेलिभिजन, पत्रपत्रिका आदिबाट विज्ञापन गराएवापत भुक्तानी दिएको रकम यसमा उल्लेख गर्नुपर्दछ ।

**(EX19) भ्रमण खर्च** : प्रतिष्ठानको नियमित कामको सिलसिलामा प्रतिष्ठानमा कार्यरत कर्मचारी वा अन्य कुनै व्यक्तिलाई भ्रमणमा पठाउँदा लागेको भ्रमण खर्च यस अन्तर्गत समावेश गर्नुपर्दछ ।

**(EX20) दान/चन्दा भुक्तानी** : यदि कुनै प्रतिष्ठानले सन्दर्भ अवधिमा कुनै व्यक्ति वा संस्थालाई दान, चन्दा वापत रकम दिइएको रहेछ भने त्यस्ता रकम एकमुष्टरूपमा यस अन्तर्गत उल्लेख गर्नुपर्दछ ।

**(EX21) सुरक्षा गार्ड खर्च** : यदि कुनै प्रतिष्ठानले सन्दर्भ अवधिमा प्रतिष्ठानको सुरक्षाको लागि कुनै दोस्रो पक्षसँग करार गरी सुरक्षा गार्ड राखेको भए सोबापतको खर्च यस लहरमा उल्लेख गर्नुपर्दछ ।

**(EX22) प्रतिष्ठान सञ्चालन गर्न खरिद गरिएका वस्तुहरू (बिक्रीको लागि खरिद गरेका वस्तुहरू वाहेक)**: प्रतिष्ठानले ब्यापार गर्ने प्रयोजनको लागि नभई प्रतिष्ठान संचालन गर्न सन्दर्भ अवधिमा खरिद गरिएका वस्तुहरू (जस्तैः प्लास्टिक, झोला, प्याकिङ्ग सामाग्री, स्टेशनरी सामान आदि) मा गरिएको खर्चको रकम यसअन्तर्गत उल्लेख गर्नुपर्दछ ।

**(EX23) अन्य खर्च** : माथि उल्लिखित संचालन खर्च शिर्षक नं. १ देखि २२ भित्र नपरेका अन्य प्रतिष्ठान संचालनको क्रममा आईपर्ने खर्चहरू यसमा समावेश गर्नुपर्दछ । जस्तै चियापान, अतिथी सत्कार, उपहार, पुरस्कार आदि जस्ता शिर्षकमा भएका खर्चहरू यस लहरमा उल्लेख गर्नुपर्दछ ।

# खण्ड ८. वस्तु अनुसार खरिद तथा बिक्री सम्बन्धी विवरण

यस शिर्षक अन्तर्गत सन्दर्भ अवधिमा प्रतिष्ठानले व्यापारिक प्रयोजनको लागि खरिद गरिइएका वस्तुहरुको खरिद तथा बिक्री सम्बन्धी विवरण उल्लेख गर्नुपर्दछ । यहाँ, प्रतिष्ठानले खरिद बिक्री गर्ने प्रमूख वस्तुको नाम, CPC कोड, आपूर्तिको स्रोत, बिक्रीको किसिम, वस्तुको बिक्री तथा खरिदको इकाइ, प्रति इकाई विक्री मूल्य, बिक्री परिमाण र जम्मा बिक्री मूल्य तथा प्रति इकाई खरिद मूल्य, खरिद परिमाण र जम्मा खरिद मूल्य सम्बन्धित महलहरुमा उल्लेख गर्नुपर्दछ ।

**क्रम संख्या (महल नं. १):**

यो महलमा खरिद तथा बिक्री गरिने वस्तुहरुको क्रमसंख्या उल्लेख गरिएको छ । यो महलमा क्रमसंख्या १ देखि ४४ सम्म दिइएको छ । यदि, बिक्री तथा खरिद गरिने वस्तुहरुको संख्या सो भन्दा बढी भएमा थप पाना प्रयोग गर्नुपर्दछ । भाटभटेनी, सेलवेज, विगमार्ट जस्ता ठूला व्यापारिक प्रतिष्ठानहरुको सन्दर्भ अवधिमा खरिद बिक्री भएका वस्तुको सूची धेरै संख्यामा हुने भएकोले उक्त वस्तुको नाम, परिमाण र मूल्य सूची Hardcopy वा Softcopy मा अनुरोध गरी ल्याउनुपर्दछ ।

**खरिद बिक्री भएका वस्तुहरुको नाम (महल नं. २):**

धेरै वस्तुहरु बिक्री गर्ने खुद्रा तथा थोक पसलको हकमा विभिन्न ब्राण्ड भएका एउटै वस्तुको बढीमा ३ वटा ब्राण्ड मात्र उल्लेख गर्ने ।

यस महलमा विवरण संकलन गर्दा सन्दर्भ अवधिमा प्रतिष्ठानले खरिद बिक्री गरेका वस्तुहरुको मौद्रीक मूल्यमा सबैभन्दा बढी हिस्सा ओगटेको वस्तुलाई क्रमसंख्या १ मा, दोस्रो बढी हिस्सा ओगटेको लाई क्रमसंख्या २ मा, तेस्रो बढी हिस्सा ओगटेको लाई क्रमसंख्या ३ मा र यसैगरी वस्तुहरुको नाम क्रमश लेख्दै जानुपर्दछ । यस महलमा व्यापारिक कारोवारमा सबैभन्दा बढी अंश ओगट्ने

त्यस्ता वस्तुहरुको नाम क्रमशः लेख्दै जानु पर्दछ। यहाँ, खण्ड ५ को **NS5. 1** मा उल्लेख गरिएको मुख्य व्यापारिक क्रियाकलाप अन्तर्गत मौद्रिक मूल्यमा सबैभन्दा बढी कारोवार हुने वस्तु यस प्रश्नको महल नं. १ को क्र. सं. १ अन्तर्गत नै उल्लेख गर्नुपर्दछ। एउटै वस्तुको विभिन्न ब्राण्डका हुने र सोही अनुसार मूल्य समेत फरक पर्न सक्ने भएकोले यहाँ वस्तुको नाम छुट्टा छुट्टै लहरमा लेख्नुपर्दछ। विभिन्न ब्राण्डका वस्तुहरुको मूल्य तथा व्यापारिक मुनाफामा तात्विक अन्तर नभएमा त्यस्ता वस्तुलाई एउटै मानी सोको विवरण उल्लेख गर्नुपर्दछ।

## CPC कोड (महल नं. ३) :

यस महलमा खरिद तथा बिक्री गरिएका वस्तुको CPC (Central Product Classification) कोड औद्योगिक वस्तुहरुको वर्गीकरणअनुसार ५ अंकमा लेख्नुपर्दछ । वस्तुहरुको सांकेतिकरण कार्य (Coding) कार्यालयमा सम्पादन गरिने भएकोले तथ्याङ्क संकलनको बेला भर्नुपर्दैन ।

## आपूर्तिको स्रोत (महल नं. ४):

यस महलमा खरिद बिक्री गरिएका वस्तुहरु कुन स्रोतबाट आपूर्ति गरिएको हो बुझ्न खोजिएको छ। महल नं. २ मा उल्लिखित वस्तुहरु देश भित्रै उत्पादन गरिएका वा देश बाहिर उत्पादन गरि आयात गरिएका हुन सक्छन्। देश भित्रै उत्पादित वस्तु भएमा आन्तरिक उत्पादन र देश बाहिर उत्पादन भई आयात गरिएको भए त्यस्ता वस्तुहरु आयातित वस्तु हुन्। देशभित्र उत्पादित वस्तुहरु आन्तरिक कृषि उत्पादनको रुपमा वा आन्तरिक औद्योगिक उत्पादनको रुपमा बजारमा खरिद बिक्री हुन सक्छन्। देशभित्रै उत्पादित कृषिजन्य वस्तुहरु सोझै ग्राहकको खपत वा औद्योगिक उत्पादनको लागि खरिद बिक्री भएमा त्यस्ता वस्तुलाई आन्तरिक कृषि उत्पादन मानी कोड नं. १ लेख्ने, देशभित्रै यान्त्रिक वा रसायनिक वा अन्य कुनै प्रकृयाद्वारा प्रशोधन वा रुपान्तर गरि उत्पादित कृषि वा गैरकृषिजन्य जुनसुकै वस्तु भएता पनि त्यस्ता वस्तुलाई आन्तरिक औद्योगिक उत्पादन मानी कोड नं. २ लेख्ने र देश बाहिरबाट आयात गरिएका कृषि वा गैरकृषिजन्य जुनसुकै प्रकारका वस्तुहरु भएता पनि त्यस्ता वस्तुहरुलाई आयातित मानी आयातित वस्तुको कोड नं. ३ लेख्नुपर्दछ।

**बिक्रीको किसिम (महल नं. ५) :**

यस महलमा महल नं. २ मा उल्लिखित वस्तुहरु प्रतिष्ठानले थोक वा खुद्रा गरि दुई किसिमको मूल्यमा बिक्री गर्न सक्ने भएकोले उत्तरदातालाई सोधी सम्बन्धित वस्तुहरु थोक मूल्यमा बिक्री गरिएको भए कोड १ र खुद्रा मूल्यमा बिक्री गरिएको भए कोड २ लेख्नुपर्दछ । यदी, एउटै वस्तु थोक र खुद्रा दुवै किसिमले बिक्री गरिएको भए एउटै वस्तु भएता पनि अलग अलग लहरमा थोक र खुद्रा बिक्री दुवै खुल्ने गरि उल्लेख गर्नुपर्दछ ।

**बिक्री तथा खरिद एकाइ (महल नं. ६) :**

यस महलमा महल नं. २ मा उल्लिखित वस्तुहरु प्रतिष्ठानले खरिद तथा बिक्री गर्दा जुन ईकाइमा खरिद तथा बिक्री गरिएको हो सो स्पष्ट खुलाई उल्लेख गर्नुपर्दछ। यहाँ, खरिद तथा बिक्री ईकाइ खुलाउँदा मेट्रिक प्रणाली (के.जी., लिटर, मिटर आदिमा) वा आमरुपमा प्रचलित ईकाइमा उल्लेख गर्नुपर्दछ ।

**प्रति एकाइ खरिद मूल्य (महल नं. ७):**

यस महलमा महल नं. २ मा उल्लिखित वस्तुहरु प्रतिष्ठानले खरिद गर्दा महल नं. ६ मा उल्लेख गरिएको एकाईलाई आधारमानी प्रति एकाई खरिद मूल्य रुपैँयामा स्पष्ट लेख्नुपर्दछ ।

सन्दर्भ अवधिभित्र विभिन्न समयमा खरिद गर्दा वस्तु तथा सेवाको मुल्य फरक फरक हुन सक्ने हुँदा सो अवधिको औषत मुल्य यकिन गरि उक्त मुल्य सम्बन्धित महलमा लेख्नुपर्दछ ।

**खरिद परिमाण (महल नं. ८):**

यस महलमा प्रतिष्ठानद्वारा सन्दर्भ अवधिमा महल नं. २ मा उल्लेख भए बमोजिमका वस्तुहरुको खरिद परिमाण एकमुष्टरुपमा लेख्नुपर्दछ ।

**जम्मा खरिद मूल्य रु मा (महल नं. ९):**

यस महलमा प्रतिष्ठानद्वारा सन्दर्भ अवधिमा महल नं. २ मा उल्लेख भए बमोजिमका वस्तुहरुको जम्मा खरिद मुल्य रु.मा लेख्नुपर्दछ ।

**प्रति एकाइ बिक्री मूल्य (महल नं. १०):**

यस महलमा महल नं. २ मा उल्लिखित वस्तुहरु प्रतिष्ठानले बिक्री गर्दा महल नं. ६ मा उल्लेख गरिएको एकाईलाई आधारमानी प्रति एकाई बिक्री मूल्य रुपैँयामा स्पष्ट लेख्नुपर्दछ ।

सन्दर्भ अवधिभित्र विभिन्न समयमा बिक्रि गर्दा वस्तु तथा सेवाको मुल्य फरक फरक हुन सक्ने हुँदा सो अवधिको औषत मुल्य यकिन गरि उक्त मुल्य सम्बन्धित महलमा लेख्नुपर्दछ ।

**बिक्री परिमाण (महल नं. ११) :**

यस महलमा प्रतिष्ठानद्वारा सन्दर्भ अवधिमा बिक्री गरिएका महल नं. २ मा उल्लेख भए बमोजिमका वस्तुहरुको बिक्री परिमाण एकमुष्टरुपमा उल्लेख गर्नुपर्दछ ।

**जम्मा बिक्री मूल्य रु हजारमा (महल नं. १२) :**

यस महलमा प्रतिष्ठानद्वारा सन्दर्भ अवधिमा महल नं. २ मा उल्लेख भए बमोजिमका वस्तुहरुको जम्मा बिक्री मुल्य हजारमा लेख्नुपर्दछ ।

**कुल जम्मा:**

प्रतिष्ठानले सन्दर्भ अवधिमा खरिद तथा विक्री गरेका प्रमूख तथा अन्य वस्तुहरुको माथि उल्लेख गरे बमोजिमको विवरण भरिसके पछि कूल जम्मा लेखिएको हरफको सम्बन्धीत स्थानमा विक्री तथा खरिद मूल्यको जोड जम्मा गरि उल्लेख गर्नु पर्दछ ।

## खण्ड ९. प्रतिष्ठानले गरेको अन्य आम्दानी

यस खण्डमा ब्यापारिक प्रतिष्ठानले सन्दर्भ अवधिमा थोक वा खुद्रा ब्यापारबाहेक अन्य आर्थिक क्रियाकलापबाट प्राप्त गरेको आम्दानीसम्बन्धी विवरणहरु उल्लेख गर्नुपर्दछ ।

**IN1. मोटरगाडी तथा मोटरसाइकल मर्मत सेवा वापत प्राप्त रकम**

सन्दर्भ अवधिमा ब्यापारिक प्रतिष्ठानले मोटरगाडी तथा मोटरसाईकल मर्मत गरेबापत प्राप्त गरेको जम्मा रकम रु मा सम्बन्धित महलमा उल्लेख गर्नुपर्दछ ।

**IN2. करार वा कमिशनमा अरुको लागि काम गरे बापत प्राप्त रकम**

कतिपय प्रतिष्ठानले पूर्ण वा आँशिकरुपमा अन्य कुनै व्यक्ति, संस्था वा प्रतिष्ठानको लागि करार, डिलरसिप वा कमिशनमा ब्यापारिक क्रियाकलाप संचालन गरेका पनि हुन सक्छन् । त्यस्ता प्रतिष्ठानले अरुको लागि यस्ता क्रियाकलाप गरिदिए बापत प्राप्त गरेको आम्दानी यस अन्तर्गत लेख्नुपर्दछ ।

यहाँ ध्यान दिनु पर्ने कुरा के छ भने यदि कुनै प्रतिष्ठानले डिलर वा उत्पादकबाट वस्तुहरु खरिद गरि नाफा मूल्य राखी बिक्री गर्ने गरेको रहेछ भने त्यस्ता वस्तुहरुको खरिद बिक्री सम्बन्धी विवरण प्रश्नावलीको खण्ड ८ मा उल्लेख गर्नुपर्दछ । यदि, वस्तुहरु विशुद्धरुपमा कमिशन मात्र पाउने गरि करार, डिलरसिप वा कमिशनमा अरुको लागि काम गर्ने गरेको रहेछ भने सन्दर्भ अवधिमा त्यस बापत प्राप्त हुने रकम यस अन्तर्गत उल्लेख गर्नुपर्दछ ।

जस्तैः

- कुनै रङ पसलले पानी ट्याङ्कीको व्यापार आफैले खरिद नगरी सिधै कम्पनीसँग समन्वय गरि ग्राहकलाई उपलव्ध गराइ सो बापत आम्दानी गर्दछ भने त्यस्तो आम्दानीको रकम यस महलमा उल्लेख गर्नुपर्दछ ।
- कुनै औषधी बिक्रेताले तोकिएको रकम अनुसारको व्यापार गरेबापत औषधी कम्पनीले व्यापारिक मुनाफा बाहेक अन्य कुनै उपहार जस्तैः विदेश भ्रमण, वस्तु उपहार आदि उपलब्ध गराएको भए सो बराबर हुने रकम यहाँ उल्लेख गर्नुपर्दछ ।

### IN3. घर, गोदाम भाडामा दिएवापत प्राप्त रकम

सन्दर्भ अवधिमा प्रतिष्ठानको स्वामित्वमा रहेको घर तथा गोदाम भाडामा दिएको रहेछ भने सो बापत प्राप्त रकम यस लहरको सम्बन्धित महलमा अर्न्तगत लेख्नुपर्दछ ।

### IN4. उपकरणहरू भाडामा दिएवापत प्राप्त रकम :

सन्दर्भ अवधिमा प्रतिष्ठानको स्वामित्वमा रहेको उपकरणहरू भाडामा दिएको रहेछ भने सो बापत प्राप्त रकम यस लहरको सम्बन्धित महलमा अर्न्तगत लेख्नुपर्दछ ।

### IN5. जमिन भाडामा दिएवापत प्राप्त रकम :

सन्दर्भ अवधिमा प्रतिष्ठानको स्वामित्वमा रहेको जमिन अन्य कुनै व्यक्ति, संस्था वा प्रतिष्ठानलाई भाडामा दिएको रहेछ भने सो बापत प्राप्त गरेको आम्दानीलाई यस लहरको सम्बन्धित महलमा उल्लेख गर्नुपर्दछ ।

### IN6. यातायातको साधन अरूलाई प्रयोग गर्न दिएवापत प्राप्त रकम :

सन्दर्भ अवधिमा प्रतिष्ठानको स्वामित्वमा रहेको यातायातका साधन अन्य

व्यक्ति वा प्रतिष्ठानलाई भाडामा प्रयोग गर्न दिएको रहेछ भने सोबाट प्राप्त आम्दानीलाई यस लहरको सम्बन्धित महलमा उल्लेख गर्नुपर्दछ ।

**IN7. प्राप्त अनुदानः**

सन्दर्भ अवधिमा प्रतिष्ठानले कुनै प्रकारका आर्थिक अनुदान प्राप्त गरेको रहेछ भने उक्त अवधिमा प्राप्त गरेको त्यस्तो आर्थिक अनुदान एकमुष्ठ यस लहरको सम्बन्धित महलमा उल्लेख गर्नुपर्दछ ।

**IN8. क्षतिपुर्ति तथा वीमाबापत प्राप्त रकमः**

सन्दर्भ अवधिमा व्यापारिक प्रतिष्ठानले क्षतिपूर्ति वा वीमा बापत प्राप्त गरेको रकम यहाँ उल्लेख गर्नुपर्दछ ।

**IN9. अन्य आम्दानीः**

यदि कुनै प्रतिष्ठानले माथि उल्लिखित शिर्षकहरू भन्दा बाहेकका, फोटोकपी, फ्याक्स आदि सेवाहरु मुख्य व्यापारिक क्रियाकलाप सँगसगै संचालन गरि आम्दानी गरेको भए त्यसरी प्राप्त गरेको रकम यस अन्तरगत उल्लेख गर्नुपर्दछ ।

## खण्ड १०. स्थायी सम्पत्तिको विवरण

"स्थायी सम्पत्ति" भन्नाले बिक्री गरी फाइदा उठाउने उद्देश्य नराखी व्यापारिक प्रतिष्ठानले बिक्री वितरण तथा त्यस सम्बन्धी अन्य कार्य सञ्चालनको लागि सञ्चय गरिएका एक वर्षभन्दा बढी खप्ने भौतिक तथा बौद्धिक सम्पत्तिलाई जनाउँदछ । स्थायी सम्पत्तिको खरिद रकम लेख्दा उक्त सम्पत्ति व्यापारिक प्रतिष्ठानसम्म ल्याई जडान गर्दा लागेको खर्च र कर महशुल आदि लागेकोमा सोसमेत समावेश गरी एकमुष्ट खुलाउनु पर्दछ ।

**महल १. क्रमसंख्या**

यस महलमा क्रमसंख्या उल्लेख गरिएको छ ।

**महल २. विवरण**

यस महलमा संकलन गरिने विवरणहरुको सूची उल्लेख गरिएको छ ।

## महल ३. २०७७ असार मसान्तमा रहेको स्थायी सम्पत्तिको मूल्य

सन्दर्भ वर्षको सुरुमा व्यापारिक प्रतिष्ठानमा रहेको महल २ मा उल्लेखित स्थायी सम्पत्तिको मूल्य बजार मूल्यअनुसार कति पर्छ सो मूल्य सम्बन्धित महलमा लेख्नुपर्दछ । जस्तैः जमिनको सन्दर्भ वर्षको सुरुको लागत मूल्य CF1 को महल ३ मा उल्लेख गर्नुपर्दछ ।

# सन्दर्भ अवधि (आ.ब. २०७७/७८) मा थपघट भएको सम्पत्ति विवरण

## महल ४. नयाँ सम्पत्ति खरिद वा प्राप्त गरेको भए सोको लागत

सन्दर्भ वर्षभित्र नयाँ सम्पत्ति खरिद वा अन्य कुनै प्रकारले प्राप्त गरेको भए सोको लागत यस महलमा लेख्नुपर्दछ ।

## महल ५. अरूले प्रयोग गरिएको सम्पत्ति थप गरिएको भए सोको लागत

सम्बन्धित लहरको स्थायी सम्पत्तिमा प्रयोग भईसकेको (Used/second hand goods) सम्पत्ति सन्दर्भ अवधिभित्र थप गरिएको भए सोको लागत यस महलमा लेख्नुपर्दछ । यस किसिमको सम्पत्ति कुनै प्रकारले प्राप्त गरेको भए सोको लागत पनि यस महलमा लेख्नुपर्दछ । जमिनको हकमा जमिनलाई प्रयोग गरिएको सम्पत्तिको रूपमा लिनुहुँदैन । तसर्थ प्रश्न CF1 को जमिनको कोठामा लेख्न नपर्नेले छाँया पारिएको छ ।

## महल ६. पूँजीगत मर्मत सम्भार

सामान्यतया "पूँजीगत मर्मत सम्भार" भन्नाले स्थायी सम्पत्तिभित्र पर्ने साधनहरूको आयु बढाउने वा क्षमता अभिवृद्धि गर्ने मर्मत कार्यलाई बुझ्नुपर्दछ। व्यापारिक प्रतिष्ठानमा रहेका विभिन्न स्थायी सम्पत्तिहरूमा प्रमुख सुधार, मर्मत सम्भार अरुबाट गराउँदा लागेको लागत यस महलमा लेख्नुपर्दछ। यदि जमिनलाई आवश्यकता अनुसार मिलाउँदा खर्च भएको रहेछ भने सो रकमलाई यस महलमा उल्लेख नगरी जमिन सुधार अन्तर्गत राख्नुपर्दछ ।

## महल ७. आफ्नै प्रयोगको लागि आफ्नै श्रम शक्तिबाट पूँजीगत मर्मत सम्भार खर्च

व्यापारिक प्रतिष्ठानले प्रयोग गरेको स्थायी सम्पत्तिमा आफ्नो श्रमशक्ति

लगाई मर्मत सम्भार गरेको हुनसक्छ । त्यस्तो काम अन्य कसैबाट गराउँदा कति जति खर्च लाग्न सक्दथ्यो सोको अनुमानित खर्च रकमलाई यहाँ लिनुपर्दछ ।

**महल ८. स्थायी सम्पत्ति बिक्रीबाट प्राप्त रकम**

स्थायी सम्पत्तिको विवरणमा परिभाषित गरिए अनुसारको सम्पत्ति बिक्रीबाट प्राप्त रकम यस महलमा लेख्नुपर्दछ । यस प्रकारको रकम खुलाउँदा व्यापारिक प्रतिष्ठानले खुद (कमिसन कटाएर आएको) रकमलाई लिनुपर्दछ ।

**महल ९. प्राकृतिक प्रकोप तथा अन्य कारणबाट स्थायी सम्पत्तिको क्षति**

प्राकृतिक प्रकोपबाट महल २ मा उल्लेखित कुनै पनि स्थायी सम्पत्तिको क्षति हुन गएमा सो क्षति बराबरको मूल्य यस महलमा सम्बन्धित शीर्षकको रकम उल्लेख गर्नुपर्दछ । सम्पत्तिको अवस्था हेरी सन्दर्भ अवधिमा रहेको बजारको प्रचलित मूल्य अनुसारको क्षतिको विवरण यकिन गरी रकम लेख्नुपर्दछ ।

**महल १०. पूँजीगत कामको प्रगतिको लागत**

व्यापारिक प्रतिष्ठानले व्यापारिक प्रयोजनको लागि कुनै स्थायी सम्पत्तीको निर्माण कार्य शुरु गरि सन्दर्भ अवधिमा सम्पन्न हुन नसकी बाँकी रहेमा जति काम सन्दर्भ अवधिमा भएको हो सोको मुल्यांकन गरी यस महलमा उल्लेख गर्नुपर्दछ ।

महल २ मा उल्लिखित स्थायी सम्पतिका विवरणहरु देहाय बमोजिमका सम्बन्धित महलमा उल्लेख गर्नुपर्दछ ।

**CF1 जमिन**

व्यापारिक प्रतिष्ठानको नाममा रहेको खाली जमिनको क्षेत्रफल (व्यापारको सिलसिलामा बनेका व्यापारिक भवन, गोदाम, प्रशासनिक कार्यालय आदिले ओगटेको जमिनबाहेक अन्य जमिन) को मूल्य यस शीर्षकअन्तर्गत राख्नुपर्दछ ।

**CF2 जमिन सुधार**

व्यापारिक प्रतिष्ठानको नाममा रहेको खाली जमिन (व्यापारको सिलसिलामा पुँजिगत सुधार) लाई ब्यापार ब्यवसायमा उपयुक्त बनाउन सम्याउने जस्ता कार्य गरेको रहेछ भने त्यस कार्य गर्दा लागेको मूल्य यस शीर्षकअन्तर्गत राख्नुपर्दछ ।

**CF3 भवन तथा अन्य निर्माण**

यस अन्तर्गत प्रतिष्ठानको प्रयोजनको लागि प्रयोग भई रहेका भवनहरू

(गोदाम घर, कार्यालय भवन, भण्डार आदि) समावेश गर्नुपर्दछ । प्रतिष्ठानले भाडामा लिई राखेको भए त्यस्ता भवन यहाँ समावेश गर्नुहुँदैन । भवनहरूको मूल्याङ्कन गर्दा भवनहरू र भवनहरू खडा रहेको जमिनको पनि मूल्याङ्कन गर्नुपर्छ। यदि कुनै भवन आवास तथा व्यापारिक दुवै प्रयोजनको लागि रहेछ भने यस्तो अवस्थामा मुख्य रुपले कुन प्रयोजनको लागि हो छुट्टाई यदि व्यापारिक प्रयोजनको लागि भए मात्र यहाँ उक्त भवन पुरैको मूल्याङ्कन गरि उल्लेख गर्नु पर्दछ ।

## CF4 मेशीनरी र अन्य उपकरण

व्यापारिक प्रतिष्ठान सञ्चालनको लागि प्रयोग हुने प्रतिष्ठानको स्वामित्वमा रहेका सबै किसिमका मेशीन, पार्टपूर्जा र मर्मत सम्भार गर्दा प्रयोग गरिने उपकरण यस शिर्षकअन्तर्गत पर्दछन् । उदाहरणको निमित्त जेनेरेटर, फ्रिज ढक तराजु (काँटा), भण्डारणको लागि प्रयोग हुने उपकरण, आदि जस्ता एक वर्षभन्दा बढी खप्ने सामानहरू यसमा समावेश गर्नुपर्दछ । तर भाडामा ल्याएका मेशीनरीका सामानहरू यस अन्तर्गत समावेश गर्नुहुँदैन ।

## CF5 कम्प्युटर र सोसम्बन्धी उपकरण

व्यापारिक प्रतिष्ठान सञ्चालनको लागि प्रयोग हुने प्रतिष्ठानको स्वामित्वमा रहेका कम्प्युटर र सो सम्बन्धी उपकरणहरु जस्तैः प्रिन्टर, फोटोकपी मेसिन आदि यस शिर्षक अन्तर्गत पर्दछन् ।

## CF6 यातायातका साधन

व्यापारिक प्रतिष्ठानको स्वामित्वमा रही सञ्चालनमा रहेका सबै आवागमन तथा ढुवानी साधनहरूलाई यातायातका साधन सम्झनुपर्दछ । जस्तैः मोटरगाडी, मोटरसाइकल, साईकल, रिक्सा, गाडा, आदि । तर भाडामा लिई राखेका यातायातका साधनहरू यस महलमा समावेश गर्नुहुँदैन ।

## CF7 फर्निचर

व्यापारिक प्रतिष्ठानले ब्यापार ब्यवसाय सञ्चालनको लागि प्रयोग भई रहेका फर्निचर, कुर्सी, टेबुल, दराज, आदि यस महल अन्तर्गत पर्दछन् ।

## CF8 बिक्री प्रयोजन बाहेकका बहुमुल्य वस्तु

व्यापारिक प्रतिष्ठानले विक्री प्रयोजन लागि नभई सजावटका लागि राखिएका बहुमूल्य वस्तुहरु (सुन, चाँदी, हिरा, मोती जस्ता बहुमूल्य धातुहरुबाट तयार गरिएका वस्तुहरु) जस्तैः तस्वीर, मुर्ती आदि यस महल अन्तर्गत पर्दछन् ।

### CF9 सफ्टवेयर तथा डाटावेस

व्यापारिक प्रतिष्ठान सञ्चालनको लागि प्रयोग हुने प्रतिष्ठानको स्वामित्वमा रहेका कम्प्युटर सफ्टवेयर तथा डाटावेस यस अन्तर्गत पर्दछन् ।

### CF10 अन्य

यस अन्तर्गत माथि उल्लेख नभएका अन्य स्थायी सम्पत्तिहरूको रकम एकमुष्ट रूपमा खुलाउनुपर्दछ । जस्तैः Patents, Goodwill, Trademarks आदि ।

### CF11 जम्मा

माथि उल्लिखित प्रत्येक महलहरुको जोड सम्बन्धित लहरमा लेख्नुपर्दछ ।

## खण्ड ११. मौज्दात

निश्चित अवधिमा बिक्री प्रयोजन र व्यापारिक प्रतिष्ठान संचालन गर्न खरिद गरिएका नखप्ने वस्तुहरु मध्ये बिक्रि वा प्रयोग नभई बाँकी रहेका वस्तुहरुलाई मौज्दात भनिन्छ । यहाँ मौज्दात भन्नाले सन्दर्भवर्षको शुरू तथा अन्त्यमा रहेको मौज्दातलाई बुझ्नुपर्दछ । तसर्थ, सन्दर्भवर्ष भन्दा अघिल्लो वर्ष बिक्रि वा प्रयोग गरेर बाँकी रहन आएको सामान चालुवर्षमा शुरू मौज्दात हुन आउँदछ भने सन्दर्भवर्षको अन्तमा बिक्रि वा प्रयोग गरेर बाँकी रहन आएको सामानलाई सन्दर्भवर्षको अन्त्यको मौज्दात भनिएको छ । *यस सर्वेक्षणको लागि २०७७ साल श्रावण १ गतेको मौज्दातलाई सन्दर्भवर्षको शुरूको मौज्दात र २०७८ साल आषाढ मसान्तको मौज्दातलाई सन्दर्भवर्षको अन्त्यको मौज्दात मानी तथ्याङ्क संकलन गर्नुपर्दछ* ।

मौज्दातको मूल्याङ्कन गर्दा सन्दर्भ वर्षको चालु बजार मूल्यको आधारमा (Market Price Basis) मूल्याङ्कन गरी उल्लेख गर्नुपर्दछ । मौज्दातको विवरण रकम रु. हजारमा लेख्नु पर्दछ । जस्तैः कुनै व्यवसायको शुरु मौज्दात रकम रु. १५०,०००/– भए 150 मात्र लेख्नुपर्दछ ।

### ST1. बिक्रिको लागि खरिद गरिएका वस्तुहरुको मौज्दातः

- सन्दर्भवर्षको शुरूको मौज्दात रकमः प्रतिष्ठानले व्यापार गर्ने प्रयोजनको

लागि अघिल्लो आर्थिक वर्षमा खरिद गरेका वस्तुहरु मध्ये उक्त वर्षमा बिक्रि हुन नसकी सन्दर्भ वर्षको शुरुमा (२०७७ साल श्रावण १ गते) बाँकी हुन आएका वस्तुहरुको प्रचलित बजार मूल्य रु हजारमा महल नं. ३ मा एकमुष्ठरुपमा उल्लेख गर्नु पर्दछ ।

- सन्दर्भवर्षको अन्तिम मौज्दात रकमः त्यसैगरी सन्दर्भ वर्षमा बिक्रि हुन नसकी उक्त वर्षको अन्त्यमा (२०७८ असार मसान्त) बाँकी भएका वस्तुहरुको प्रचलित बजार मूल्य रु. हजारमा महल नं. ४ मा एकमुष्ठरुपमा उल्लेख गर्नु पर्दछ ।
- सन्दर्भ वर्षमा भएको फरकः महल नं. ३ र ४ मा विवरण भरिसकेपछि सोको अन्तर (महल नं. ४ - महल नं. ३) निकाली महल नं. ५ मा मौज्दातमा भएको फरकमा उल्लेख गर्नु पर्दछ । जस्तै सन्दर्भ वर्षमा शुरु मौज्दात (महल ३) रकम 150 र अन्तिम मौज्दात (महल ४) रकम 250 भए यस महलमा 100 लेख्नु पर्दछ । (२५० – १५०= १००)

**ST2. अन्य मौज्दात (इन्धन तथा प्रतिष्ठान सन्चालन गर्न खरिद गरिएका नखप्ने वस्तुहरु) :**

- सन्दर्भवर्षको शुरूको मौज्दात रकमः प्रतिष्ठानले व्यापार गर्ने प्रयोजनको लागि नभई प्रतिष्ठान संचालन गर्न अघिल्लो आर्थिक वर्ष खरिद गरेको इन्धन तथा अन्य नखप्ने वस्तुहरु मध्ये त्यस वर्ष खपत हुन नसकी सन्दर्भ वर्षको शुरुमा (२०७७ साल श्रावण १ गते) बाँकी हुन आएका त्यस्ता वस्तुहरुको प्रचलित बजार मूल्य रु हजारमा महल नं. ३ मा एकमुष्ठरुपमा उल्लेख गर्नु पर्दछ ।
- सन्दर्भवर्षको अन्तिम मौज्दात रकमः सन्दर्भ वर्षमा खपत हुन नसकी उक्त वर्षको अन्त्यमा (२०७८ असार ३१ गते) बाँकी हुन आएका त्यस्ता वस्तुहरुको बजार मूल्य रु. हजारमा महल नं. ४ मा एकमुष्ठरुपमा उल्लेख गर्नु पर्दछ ।
- सन्दर्भ वर्षमा भएको फरकः महल नं. ३ र ४ मा विवरण भरिसकेपछि सोको अन्तर (महल नं. ४ - महल नं. ३) निकाली महल नं. ५ मा मौज्दातमा भएको परिवर्तन उल्लेख गर्नुपर्दछ ।

**ST3. जम्माः**

यस लहरको सम्बन्धित कोठामा महल नं. ३ , महल नं. ४ र महल नं. ५ को मौज्दात रकम जोडी क्रमशः लेख्नु पर्दछ ।

# खण्ड १२. कर तथा शुल्क सम्बन्धी विवरण

**ST1. मुल्य अभिवृद्धि कर (VAT)**

व्यापारिक प्रतिष्ठानले वस्तुको बिक्री गर्दा संकलन गरेको मूल्य अभिवृद्धि कर रकम र नेपाल सरकारलाई तिरेको मूल्य अभिवृद्धि कर रकम यस अर्न्तगत पर्दछन् । प्रतिष्ठानले सन्दर्भ वर्षमा सरकारलाई भूक्तानी गरेको मूल्य अभिवृद्धि कर रकमलाई महल नं. ३ मा उल्लेख गर्नुपर्दछ ।

**ST2. स्थानीय कर**

व्यापारिक प्रतिष्ठानले व्यवसाय संचालन गरे वापत सन्दर्भ वर्षमा स्थानीय तह (नगरपालिका/गाउँपालिका) लाई भूक्तानी गरेको कर रकम यस अन्तर्गत पर्दछ । स्थानीय करको हकमा महल ३ मा तिरेको रकम लेख्नुपर्दछ ।

**ST3. रजिष्ट्रेशन वा नविकरण शुल्क**

यदि व्यापारिक प्रतिष्ठानले व्यवसाय रजिष्ट्रेशन वा नविकरण गरे वापत सन्दर्भ वर्षमा कुनै सरकारी निकायमा शुल्क भुक्तानी गरेको भए त्यस्तो रकम लहर अन्तर्गतको महल नं. ३ मा उल्लेख गर्नुपर्दछ ।

**ST4. अन्य कर तथा शुल्क**

यदि व्यापारिक प्रतिष्ठानले सन्दर्भ वर्षमा क्र.सं. १, २ र ३ मा उल्लिखित रकम बाहेक कुनै सरकारी निकायमा अन्य कुनै कर वा शुल्क भूक्तानी गरेको भए त्यस्तो रकम यस लहर अन्तर्गत महल नं. ३ मा उल्लेख गर्नुपर्दछ ।

# खण्ड १३. प्रतिष्ठानको वित्तीय कारोवार सम्बन्धी विवरण

यस शिर्षक अन्तर्गत प्रतिष्ठानले सन्दर्भ वर्षमा गरेको वित्तीय कारोवार सम्बन्धी विवरणहरु उल्लेख गर्नुपर्दछ। यहाँ वित्तीय कारोवार भन्नाले प्रतिष्ठानले व्यवसाय संचालनको क्रममा कुनै कम्पनीको शेयर, बचत पत्र जस्ता वित्तीय क्षेत्रमा गरेको लगानी तथा सोको बिक्रीबाट प्राप्त आम्दानी सम्बन्धी विवरणका अतिरिक्त प्रतिष्ठानले सन्दर्भ अवधीमा लिएको/भुक्तानी गरेको ऋण तथा ब्याज र लाभांशबाट प्राप्त रकम तथा ब्याज भुक्तानी सम्बन्धी विवरणलाई बुझिन्छ।

## FT1. ऋण

यदि व्यापारिक प्रतिष्ठानले सन्दर्भ वर्षमा व्यवसाय सञ्चालन गर्नका लागि बैंक, वित्तीय संस्था, समूह वा व्यक्तिबाट ऋण लिएको रहेछ भने सो को एममुष्ठ रकम यस लहर अन्तर्गतको महल ३ मा लेख्नुपर्दछ। त्यस्तै, उक्त अवधिमा प्रतिष्ठानले ऋण तिरेको रहेछ भने सो को एकमुष्ठ रकम यस लहर अन्तर्गतको महल ४ मा लेख्नुपर्दछ।

## FT2. शेयर

यदि व्यापारिक प्रतिष्ठानले सन्दर्भ वर्षमा व्यवसायको नाममा कुनै कम्पनीको शेयर खरिद गरेको रहेछ भने सो को एकमुष्ठ रकम यस लहर अन्तर्गतको महल ३ मा लेख्नुपर्दछ। त्यस्तै, उक्त अवधिमा प्रतिष्ठानको नाममा रहेको कुनै कम्पनीको शेयर बिक्री गरेको रहेछ भने सो को एकमुष्ठ रकम यस लहर अन्तर्गतको महल ४ मा लेख्नुपर्दछ।

## FT3. बचत पत्र

यदि व्यापारिक प्रतिष्ठानले सन्दर्भ वर्षमा व्यवसायको नाममा कुनै बचत पत्र खरिद गरेको रहेछ भने सो को एममुष्ठ रकम यस लहर अन्तर्गतको महल ३ मा लेख्नुपर्दछ। त्यस्तै, उक्त अवधिमा प्रतिष्ठानको नाममा रहेको कुनै बचत पत्र बिक्री गरेको रहेछ भने सो को एकमुष्ठ रकम यस लहर अन्तर्गतको महल ४ मा लेख्नुपर्दछ।

**FT4. ब्याज/लाभांश**

यदि व्यापारिक प्रतिष्ठानले सन्दर्भ वर्षमा ब्याज वा लाभांश बापत नगद, जिन्सी वा शेयर पाएको रहेछ भने ति सबैलाई रकममा रुपान्तरण गरी एकमुष्ठ रकम यस लहरको महल ३ मा लेख्नुपर्दछ । त्यस्तै, उक्त अवधिमा प्रतिष्ठानले ब्याज वा लाभांश बापत नगद, जिन्सी वा शेयर दिएको रहेछ भने ति सबैलाई रकममा रुपान्तरण गरी एकमुष्ठ रकम यस लहरको महल ४ मा लेख्नुपर्दछ ।

## खण्ड १४. व्यापारिक प्रतिष्ठानका मुख्य मुख्य समस्याहरू

व्यापारिक प्रतिष्ठानले व्यवसाय संचालनको क्रममा विभिन्न प्रकारका समस्याहरू भोगेका हुन सक्दछन् । त्यस्ता समस्याहरूमध्ये प्रमूख समस्याहरु जस्तै : पूँजीको कमी, अरूको एकाधिकार हुनु, महङ्गो भाडा (घर/जमिन), लगायत ११ वटा समस्याको सुची प्रश्नावलीमा दिइएको छ। उत्तरदातासँग यी समस्या भोग्नु परेको छ वा छैन भनी सोधेर यदि समस्या छ भने महल ३ को कोड १ मा र छैन भने कोड २ मा गोलो घेरा लगाउनु पर्दछ। यदि उक्त समस्या छ भने महल ३ मा कोड १ मा गोलो घेरा लगाएपछि समस्याको मात्रा सोधेर धेरै समस्या हो भने महल ४ को कोड १ मा, मध्यम समस्या हो भने महल ५ को कोड २ मा र सामान्य समस्या हो भने महल ६ को कोड ३ मा गोलो घेरा लगाउनु पर्दछ । उल्लिखित ११ वटा समस्या भन्दा बाहेक अन्य कुनै समस्या भएमा PR12. लहरमा समस्या उल्लेख गरेर त्यसको मात्रा महल ४, ५ वा ६ कुन हो सो बमोजिम सम्बन्धित महलमा गोलो घेरा लगाउनु पर्दछ ।

## खण्ड १५. कोभिड १९ को प्रभाव

व्यापारिक प्रतिष्ठानले व्यवसाय संचालनको क्रममा कोभिड १९को कारणले व्यवसायमा प्रभाव पारेको हुन सक्दछ । यस्ता प्रभावहरुसँग सम्बन्धित दुई वटा प्रश्नहरु यस खण्डमा राखिएका छन्:

**१५.१ कोभिड १९ को कारणले सन्दर्भ वर्षमा कति समय व्यवसाय बन्द भयो ?... महिना वा .......दिन**

**CD.1** व्यापारिक प्रतिष्ठानले कोभिड १९ का कारण लकडाउन भएर वा सञ्चालक एवं कर्मचारी बिरामी परेर वा अन्य यस्तै कारणले केहि समय व्यवसाय सञ्चालन नभएको हुन सक्दछ। यदि सन्दर्भ वर्षमा कुनै महिना वा दिन व्यवसाय बन्द भएको भए जम्मा जम्मी लगभग कति महिना र वा दिन व्यवसाय बन्द भयो सो संख्या यस प्रश्नको उत्तर लेख्ने स्थानमा क्रमश: लेख्नुपर्दछ। यदि कुनैपनि महिना वा दिन व्यवसाय बन्द नभएको भए सम्बन्धित खालि ठाउँमा 0 लेख्नुपर्दछ।

**१५.२ कोभिड १९ को कारणले सन्दर्भ वर्षमा व्यापारमा कमी वा बृद्धि भएको थियो ?**

**CD.2** कोभिड १९ को कारणले कतिपय व्यापारिक प्रतिष्ठानको व्यापारमा कमी आएको हुन सक्दछ भने कतिपय प्रतिष्ठानको व्यापारमा बृद्धि पनि भएको हुन सक्दछ र कतिपय प्रतिष्ठानको व्यापारमा कुनै परिवर्तन नभएको पनि हुन सक्दछ। यदि व्यापारमा कमी वा बृद्धि भएको रहेछ भने तालिकाको महल १ को कोड १ मा र व्यापारमा कमी वा बृद्धि भएको रहेनछ भने तालिकाको महल १ को कोड २ मा गोलो घेरा लगाउनुपर्दछ। यदि महल १ मा व्यापारमा कमी वा बृद्धि भएको जनाउने कोड १ मा गोलो घेरा लगाइएको रहेछ भने महल २ मा कमी वा बृद्धि के हो सोधेर सम्बन्धित कोडमा गोलो घेरा लगाउनु पर्दछ। उत्तरदातासँग व्यापारमा भएको कमी वा बृद्धिलाई प्रतिशतमा सोधेर महल ३ मा सम्बन्धित प्रतिशत लेख्नुपर्दछ।

# खण्ड १६. व्यवसायिक सामाजिक उत्तरदायित्व

**यस व्यवसायले व्यवसायिक सामाजिक उत्तरदायित्व अन्तर्गत सन्दर्भ वर्षमा कति रकम बराबरको सहयोग वा योगदान उपलव्ध गरेको थियो ?**

**(जिन्सीमा उपलव्ध गराएको भए रकममा रुपान्तरण गरी उल्लेख गर्नुहोस् )**

**SC16** सहयोग वा योगदान रकम रु. ..........................................

कतिपय व्यापारिक प्रतिष्ठानले व्यवसायिक सामाजिक उत्तरदायित्व

अन्तर्गत सामाजिक सेवाका लागि रकम वा जिन्सी सहयोग वा योगदान गरेका हुन सक्दछन् । यदि सन्दर्भ वर्षमा यस प्रतिष्ठानले यस्तो योगदान वा सहयोग गरेको रहेछ भने ति सबै योगदान वा सहयोगलाई रकममा रुपान्तरण गरी एकमुष्ठ रकम रुपैयामा यहाँ लेख्नुपर्दछ ।

## खण्ड १७. उत्तरदाताको राय सुझाव

१. ..........................................................................................

..........................................................................................

२. ..........................................................................................

..........................................................................................

३. ..........................................................................................

..........................................................................................

प्रश्नावलीका सबै विवरण संकलन गरिसकेपछि उत्तरदातासँग थप राय, सुझाव, सल्लाह मागेर मुख्य तीनवटा सुझावहरु यहाँ उल्लेख गर्नु पर्दछ । त्यसपछि भरिएका विवरणहरु रुजु गरेर उत्तरदातालाई धन्यवाद व्यक्त गर्नु पर्दछ । प्रश्नावलीको अन्तमा सुपरिवेक्षक र विवरण संकलन गर्ने कर्मचारीको नाम लेखी दस्तखत गरेर मिति समेत उल्लेख गर्नु पर्दछ । भरिएका प्रश्नावली सुरक्षितका साथ सम्बन्धित कार्यालयमा बुझाउनु पर्दछ ।

अनुसूची–१

नेपालस्तरीय औद्योगिक वर्गीकरण

## खण्ड जी : थोक एवं खुद्रा व्यापार, मोटरगाडी तथा मोटरसाइकल मर्मत सम्भार कार्यहरू (Wholesale and retail) trade, repair of motor vechiles and motorcycles)

| NSIC code (2 digit) | NSIC code (4 digit) | विवरण |
|---|---|---|
| 45 मोटरगाडी तथा मोटरसाइकलको थोक एवं खुद्रा बिक्रीका र मर्मतसम्भारको कार्य | 4510 | मोटरगाडीको बिक्री |
| | 4520 | मोटरगाडीको मर्मत तथा सम्भार कार्यहरू |
| | 4530 | मोटरगाडीका पार्टपुर्जाहरू तथा सहायक सामानको बिक्री |
| | 4540 | मोटरसाइकल र यसको पार्टपुर्जा तथा सहायक सामानहरूको बिक्री, मर्मत तथा सम्भार कार्यहरू |
| 46 मोटरगाडी र मोटरसाइकलबाहेकका थोक व्यापार | 4610 | शुल्क वा करारको आधारमा गरिने थोक बिक्री |
| | 4620 | अप्रशोधित कृषि उपज एवं जीवित पशुपन्छीको थोक बिक्री (करारबाहेक) |
| | 4630 | खाद्य पदार्थ, पेय पदार्थ र सुर्तीको थोक बिक्री |
| | 4641 | टेक्स्टाइल कपडा, तयारी वस्त्र र जुत्ता चप्पलको थोक बिक्री |
| | 4649 | अन्य घरायसी सामानको थोक बिक्री |
| | 4651 | कम्प्युटर, कम्प्युटरसम्बन्धी सामानहरू र सफ्टवेयरको थोक बिक्री |
| | 4652 | विद्युतीय तथा दूरसञ्चारका उपकरण र त्यसका पार्टपुर्जाको थोक बिक्री |
| | 4653 | कृषिसम्बन्धी यन्त्र, उपकरण तथा यससम्बन्धी आपूर्तिका सामग्रीहरूको थोक बिक्री |
| | 4659 | अन्य मेसिन तथा उपकरणहरूको थोक बिक्री |
| | 4661 | ठोस, तरल तथा ग्याँस इन्धन र तत्सम्बन्धी वस्तुको थोक बिक्री |
| | 4662 | धातु तथा अप्रशोधित धातुको थोक बिक्री |
| | 4663 | निर्माण सामाग्रीहरू, हार्डवेयर, प्लम्बिङ्ग एवं तताउने उपकरणहरूको थोक बिक्री तथा आपूर्ति कार्यहरू |
| | 4669 | अन्यत्र कहीँ वर्गीकृत नगरिएका खेर फालिएका तथा कुँडाकर्कट टुक्राटुक्री तथा अन्य यस्तै वस्तुको थोक बिक्री |
| | 4690 | विशिष्टीकृत नगरिएका वस्तुहरूको थोक व्यापार |

| NSIC code (2 digit) | NSIC code (4 digit) | विवरण |
|---|---|---|
| 47 मोटरगाडी तथा मोटरसाइकलबाहेकका खुद्रा व्यापार | 4711 | खाद्य, पेय पदार्थ वा सुर्तीजन्य वस्तुहरूको बाहुल्यता रहेको विशिष्टीकृत नगरिएका पसलहरूमा गरिने खुद्रा बिक्री |
| | 4719 | अन्यत्र बिक्री हुने विशिष्टीकृत नगरिएका सामानहरू भएको पसलहरूमा अन्य खुद्रा बिक्री |
| | 4721 | विशिष्टीकृत पसल वा स्टोरहरूमा खाद्य वस्तुको खुद्रा बिक्री |
| | 4722 | विशिष्टीकृत पसलमा पेय पदार्थको खुद्रा बिक्री |
| | 4723 | विशिष्टीकृत पसलमा सूर्तिजन्य वस्तुको खुद्रा बिक्री |
| | 4730 | विशिष्टीकृत पसलहरूमा मोटरगाडीका (अटोमेटिभ) इन्धनको खुद्रा बिक्री |
| | 4741 | विशिष्टीकृत पसलहरूमा कम्प्युटर, कम्प्युटरका पार्टपुर्जाहरू, सफ्टवेयर र दूरसञ्चारका उपकरणहरूको खुद्रा बिक्री |
| | 4742 | विशिष्टीकृत पसलहरूमा श्रव्य तथा दृश्यका उपकरणहरूको खुद्रा बिक्री |
| | 4751 | विशिष्टीकृत पसलहरूमा कपडाको खुद्रा बिक्री |
| | 4752 | विशिष्टीकृत पसलहरूमा हार्डवेयर, रङरोगनहरू र सिसाको खुद्रा बिक्री |
| | 4753 | विशिष्टीकृत पसलहरूमा कार्पेट (दरी, गलैंचा), कम्वल, भित्ता तथा भुँईमा ढाक्ने वा ओछयाउने लगाइने कभरहरूको खुद्रा बिक्री |
| | 4759 | विशिष्टीकृत पसलहरूमा घरायसी प्रयोजनका विद्युतीय भाँडाकुँडाहरू, फर्निचर, बिजुलीबत्तीका उपकरण र अन्य घरायसी वस्तुहरूको खुद्रा बिक्री |
| | 4761 | विशिष्टीकृत पसलहरूमा पुस्तक, समाचारपत्रहरू तथा मसलन्द सामानको खुद्रा बिक्री |
| | 4762 | विशिष्टीकृत पसलहरूमा सङ्गीत तथा भिडियो रेकर्डिङ्गहरूको खुद्रा बिक्री |
| | 4763 | विशिष्टीकृत पसलहरूमा खेलकुद उपकरणहरूको खुद्रा बिक्री |
| | 4764 | विशिष्टीकृत पसलहरूमा खेल तथा खेलौनाको खुद्रा बिक्री |

| NSIC code (2 digit) | NSIC code (4 digit) | **विवरण** |
|---|---|---|
| | 4771 | विशिष्टीकृत पसलहरूमा लत्ताकपडा, जुत्ताचप्पल र छालाका सामानहरूको खुद्रा बिक्री |
| | 4772 | विशिष्टीकृत पसलहरूमा औषधी (फर्मास्युटिकल) र चिकित्साजन्य (मेडिकल) सामानहरू, सौन्दर्यवर्द्धक सामान र सरसफाइका वस्तुहरूको खुद्रा बिक्री |
| | 4773 | विशिष्टीकृत पसलहरूमा नयाँ प्रकारका सामग्रीहरूको खुद्रा व्यापार |
| | 4774 | प्रयोग भईसकेको (सेकेण्ड ह्याण्ड) सामानहरूको खुद्रा बिक्री |
| | 4781 | स्टल (सानो पसल) वा फुटपाथे बजारमार्फत् खाद्य, पेयपदार्थ र सूर्तिजन्य वस्तुहरूको खुद्रा बिक्री |
| | 4782 | स्टल (सानो पसल) वा फुटपाथे बजार मार्फत् टेक्सटायल कपडा, लत्ता कपडा र जुत्ताचप्पलको खुद्रा बिक्री |
| | 4789 | स्टल (सानो पसल) वा फुटपाथे बजार मार्फत् अन्य सामानहरूको खुद्रा बिक्री |
| | 4791 | हुलाक, मेल अर्डर वा इन्टरनेट (अनलाइन), इमेल मार्फतबाट गरिने वस्तुको खुद्रा बिक्री |
| | 4799 | पसल, स्टल (सानो पसल) वा फुटपाथे बजारबाहेक अन्य खुद्रा बिक्री |